# "परिषद्" ले गरेका महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरूको सँगालो
# २०७०/७१



नेपाल कृषि अनुसन्धान परिषद्
सिंहदरबारप्लाजा, काठमाडौं

**"परिषद्" को २३औं वार्षिक दिवसको अवसरमा २०७१ वैशाख २५ गते मानननीय कृषि विकास मन्त्री हरि प्रसाद पराजुलीज्यूबाट विमोचन गरिएको ।**

# “परिषद्” ले गरेका महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरुको संगालो

**नेपाल कृषि अनुसन्धान परिषद**

**सिंहदरबारप्लाजा, काठमाडौं**

२०७०/०७१

“परिषद्” **को** २३ औं बार्षिक दिवस अवसरमा २०७१ बैशाख २५ गते माननीय कृषि विकास मन्त्री हरि प्रसाद पराजुलीज्यूबाट बिमोचन गरिएको ।

**सर्वाधिकार**: नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा, काठमाण्डौ

**सम्पादक मण्डल**: डा. मीन नाथ पौडेल, अनुप राज सत्याल, रिम बहादुर चौधरी

**टाईप सेटिङ्ग**: मन्दिरा चित्रकार, मिन राज डंगोल

**आवरण तस्बिर**: नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा, काठमाण्डौ

**शूद्ध उद्धृत**: डा.मीन नाथ पौडेल, अनुप राज सत्याल, २०७१ परिषद्ले गरेका महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरुको सँगालो नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा

**ISBN: 978-9937-2-7778-5**

# कार्यकारी निर्देशकको मन्तव्य

माननीय कृषि मन्त्री/राज्य मन्त्रीको अध्यक्षतामा गठित नेपाल कृषि अनुसन्धान परिषद् कृषि अनुसन्धानको लागि सर्वोच्च संस्था हो । परिषद्मा राष्ट्रिय योजना आयोगका माननीय सदस्य, नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा निकायका सचिवहरु र कृषि क्षेत्रमा ख्याति प्राप्त/अनुभवी व्यक्तित्वहरु गरी १६ जना सदस्यहरु रहन्छन् । तसर्थ यस बैठकबाट गरिने प्रत्येक निर्णय तथा मार्ग निर्देशनहरुले परिषद्को अनुसन्धनात्मक क्रियाकलापमा प्रभावकारी एवं दुरगामी असर पारी रहेको हुन्छ ।

यस पक्षलाई हृदयगम गरी बिगत १६ वर्षहरुमा परिषद्बाट गरिएको महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरुको संगालो तयार गरिएको छ । यस संगालोबाट परिषद्को विविध विषयमा अध्ययन/अनूसन्धान गर्ने सरोकारवालाहरुलाई सहज हुन गई परिषद्ले विगतमा गरेका निर्णयहरुबाट मार्ग निर्देशन समेत प्राप्त हूने महसुस गरेको छु । परिषद्ले गरेका महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरुको संगालो प्रकाशनमा नेपाल कृषि अनुसन्धान परिषद्का प्रशासन निर्देशक तथा अन्तर्गतका कर्मचारीहरुको प्रयास सराहनीय छ ।

यो सँगालो परिषद्को स्थापना कालदेखि हालसम्मका कार्यहरु समावेश गरी पहिलो पटक प्रकाशित गर्न पाउँदा मलाई खुशी लागेको छ । यसको प्रयोगबाट सबै सरोकारवालाहरु लाभान्वित हुनेछन् भन्ने मेरो दृढ विश्वास छ । भविष्यमा पनि यस प्रकृतिका कार्यलाई अझ बढी प्रभावकारीताका साथ निरन्तरता दिईदै जानेमा विश्वस्त गराउन चाहन्छु ।

बैशाख २०७१

डा. दिल बहादुर गुरुङ्ग
कार्यकारी निर्देशक
नेपाल कृषि अनुसन्धान परिषद्
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

# प्राक्कथन

नेपाल कृषि अनुसन्धान परिषद्को ऐन २०४८ अन्तर्गत स्थापना भएको एक स्वायत्त संस्था हो । यसको उद्देश्य नेपालमा कृषि सम्बन्धी उच्च स्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने रहेको छ ।

कुनै पनि संघ संस्थामा भएका महत्वपूर्ण निर्णय एवं निर्देशनहरुको अभिलेखिकरण लिपिबद्ध रुपमा व्यवस्थित तवरबाट सुरक्षित राख्नु व्यवस्थापकिय सक्षमता मानिन्छ । अत: परिषद् जस्तो कृषि अनुसन्धानमा संलग्न संस्थाको लागि यस प्रकृतिको अभिलेखले भबिष्यमा गरिने विविध क्षेत्रका अनुसन्धनात्मक क्रियाकलापको लागि यसको महत्व अधिक हुने विषयमा दुईमत हुन सक्दैन । यस प्रकाशनमा नेपाल कृषि अनुसन्धान परिषद्को ऐन तथा सोको आधिकारिक अंग्रेजी अनुवाद समेत समावेश गरिएको छ ।

परिषद्को ऐन प्रथम संशोधन २०५३।११।०३ अर्थात मिति २०४८।०१।२५ देखि २०५३।११।०३ सम्मका बैठकहरुमा परिषद्को कार्यकारी समितिका अध्यक्ष माननीय कृषि मन्त्रीज्यू लगायत चौध सदस्यीय समिति गठन भई बैठक संचालन हुँदै आएकोमा मिति २०५३।११।०३ मा ऐन संशोधन भई १६ सदस्यीय परिषद् "(माननीय कृषि मनत्रीज्यूको अध्यक्षतामा)" गठन भई वैठकहरु संचालन भई रहेको सर्वबिदितै छ । अत:यस संगालोमा परिषद्को प्रथम वैठक देखि ४६ औ बैठक सम्म गरिएका महत्वपूर्ण निर्णय एवं मार्ग निर्देशनहरुमात्र समावेश गरिएको छ ।

यसै विषयलाई आत्मसाथ गरी नेपाल कृषि अनुसन्धान परिषद्को सर्वोच्च संस्था मानिने "परिषद्" (माननीय कृषि मन्त्री/राज्य मन्त्रीको अध्यक्षतामा) बसेको पहिलो बैठक मिति २०५३।१०।०९ मा बसि हाल सम्म (२०७१।१।१४ गते सम्म) बिगत १६ वर्षमा गरेका महत्वपूर्ण एवं दूरगामी निर्णय एवं निर्देशनहरुको संकलन गरी २०७१ बैशाख २५ गते परिषद्को २३ औं बार्षिक दिवस अवसरमा बिमोचन गरिने "परिषद्ले गरेका महत्वपूर्ण निर्णय तथा माग निर्देशनहरुको संगालो" को महत्व अझ बढि हुने महसुस गरिएको छ ।

यस संगालोबाट हालसम्म परिषद्बाट के कस्ता महत्वपूर्ण निर्णय एवं निर्देशनहरु भएको रहेछ र यसबाट के कस्ता अनुसन्धनात्मक क्रियाकपलाहरुमा जोड दिइएको रहेछ भन्ने बिषयहरु मार्ग निर्देशनको रुपमा रहने आसा एवं विश्वास लिइएको छ ।

परिषद्ले बिगत देखि हाल सम्म गरेका महत्वपूर्ण निर्णय तथा मार्ग निर्देशनहरुको संगालो तयार गर्ने क्रममा परिषद्मा दत्तचित्त लगाई निर्णय संग्रह गर्ने कार्यमा सर्वश्री अनुप राज सत्याल, प्रमुख कर्मचारी प्रशासन महाशाखा, तथा प्रशासकीय अधिकृतहरु बासुदेव न्यौपाने, मन्दिरा चित्रकार, मिन राज डंगोल र प्राबिधिक अधिकृत राजेश कुमार मिश्र एवं अन्य सम्पूर्ण सहयोगी कर्मचारीहरु धन्यबादका पात्र हुनुहुन्छ ।

यस प्रकारको प्रकाशन परिषद्को इतिहासमा पहिलो भएको हुँदा यसमा भएका त्रुटिहरुलाई सुझाउनु हुने महानुभावहरुको सदभावलाई सधैं शिरोपर गरिने छ र आगामी दिनहरुमा औंल्याइएका सुझावहरुलाई कार्यान्वयन गर्ने दायित्व पनि परिषदकै हो । आज परिषद् स्थापना भएको २३ औं बार्षिकीमा यो प्रकाशन प्रकाशित गर्न पाएकोमा परिषद् परिवार सुखद अनुभव गरिरहेको छ ।

डा. मीन नाथ पौडेल
निर्देशक, प्रशासन

# विषय सूचि

| | पाना |
|---|---|
| कार्यकारी निर्देशकको मन्तव्य | |
| प्राक्कथन | |
| नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८/अंग्रेजीमा समेत | १ |
| परिषद्को प्रथम बैठक | २१ |
| परिषद्को दोश्रो बैठक | २४ |
| परिषद्को तेश्रो बैठक | २५ |
| परिषद्को चौंथौ बैठक | २८ |
| परिषद्को पाचौ बैठक | ३१ |
| परिषद्को छैठौं बैठक | ३३ |
| परिषद्को सातौं बैठक | ३४ |
| परिषद्को आठौं बैठक | ३६ |
| परिषद्को नवौं बैठक | ३८ |
| परिषद्को दशौं बैठक | ३९ |
| परिषद्को एघारौं बैठक | ४१ |
| परिषद्को बाह्रौं बैठक | ४२ |
| परिषद्को तेह्रौं बैठक | ४३ |
| परिषद्को चौंधौं बैठक | ४५ |
| परिषद्को पन्ध्रौं बैठक | ४७ |
| परिषद्को सोह्रौं बैठक | ४८ |
| परिषद्को सत्रौं बैठक | ४९ |
| परिषद्को अठारौं बैठक | ५० |
| परिषद्को उन्नाइसौं बैठक | ५१ |
| परिषद्को विसौं बैठक | ५२ |
| परिषद्को एक्काइसौं बैठक | ५४ |
| परिषद्को बाइसौं बैठक | ५५ |
| परिषद्को तेइसौं बैठक | ५८ |
| परिषद्को चौबिसौं बैठक | ६० |
| परिषद्को पच्चिसौं बैठक | ६१ |
| परिषद्को छब्बिसौं बैठक | ६२ |
| परिषद्को सताइसौं बैठक | ६३ |
| परिषद्को अट्ठाइसौं बैठक | ६४ |
| परिषद्को उनन्तीसौं बैठक | ६६ |
| परिषद्को तिसौं बैठक | ६७ |
| परिषद्को एकतीसौं बैठक | ६८ |
| परिषद्को बत्तीसौं बैठक | ७० |
| परिषद्को तेत्तिसौं बैठक | ७२ |
| परिषद्को चौतिसौं बैठक | ७५ |
| परिषद्को पैतिसौं बैठक | ७६ |
| परिषद्को छत्तिसौं बैठक | ७७ |
| परिषद्को सैतिसौं बैठक | ७८ |
| परिषद्को अठतिसौं बैठक | ८१ |
| परिषद्को उनन्चालिसौं बैठक | ८३ |
| परिषद्को चालिसौं बैठक | ८६ |
| परिषद्को एकचालिसौं बैठक | ८८ |
| परिषद्को बयालिसौं बैठक | ९२ |
| परिषद्को त्रिचालिसौं बैठक | ९३ |
| परिषद्को चौवालिसौं बैठक | ९४ |
| परिषद्को पैतालिसौं बैठक | ९९ |
| परिषद्को छयालिसौं बैठक | १०० |

लालमोहर र प्रकाशन मिति: २०४८।१।२५
प्रथम संशोधन मिति: २०५३।११।३

# नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८

२०४८ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभाष्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: कृषि क्षेत्रका समस्याहरुको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधरण जनताको आर्थिकस्तर बृद्धि गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ वमोजिम मन्त्रि परिषद्को सल्लाह र सम्मतिले बनाई वक्सेको नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ लाई संशोधन गर्न वाञ्छनिय भएकोले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम "नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८" रहेकोछ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



२ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "परिषद्" भन्नाले दफा ३ वमोजिम स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ वमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउंछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ वमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ१)[२] "राष्ट्रिय कृषि नीति" भन्नाले राष्ट्रिय योजना आयोगबाट तय गरिएको दीर्घकालिन कृषि योजना तथा पञ्चवर्षिय योजनामा समावेश भएको कृषि योजनालाई कार्यान्वयन गर्न नेपाल सरकारले प्रकाशनमा ल्याएको कृषि सम्बन्धी नीति सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

३ परिषद्को स्थापना: (१) कृषि क्षेत्रका समस्या पहिल्याई त्यसको निराकरणका उपायहरु पत्ता लगाउने प्रयोजनको लागि कृषि सम्बन्धी उच्च स्तरीय अध्ययन तथा अनुसन्धान गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषद् स्थापना गरिएकोछ ।

(२)परिषद्को कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।

४ परिषद् संगठित संस्था हुने: (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

---

[२] प्रथम संशोधनद्वारा थप

(२) परिषद्को सबै काम कारवाहिका निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५ **परिषद्को उद्देश्यः** परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

(ख)[१] कृषि उत्पादन वा गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा शीपहरुको खोजपूर्ण अध्ययन गर्ने ।

(ग) राष्ट्रिय कृषि नीतिको तर्जूमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।

६[१] **परिषद्को गठनः** (१) परिषद्को गठन देहाय वमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | कृषि मन्त्री वा राज्य मन्त्री | अध्यक्ष |
| (ख) | सदस्य, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) | सचिव, कृषि मन्त्रालय | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, वन तथा भुसंरक्षण मन्त्रालय | सदस्य |
| (च) | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (छ) | सचिव, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| (ज) | डीन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | सदस्य |
| (झ) | परिषद्मा कार्यरत अनूभवी कृषि वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना | सदस्य |
| (ञ) | कृषि अनुसन्धानको क्षेत्रमा योगदान पुऱ्याई सम्बन्धित संस्थामा कार्यरत वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत दुई जना | सदस्य |
| (ट) | प्रतिष्ठित व्यवसायिक कृषक वा परिषद्को सेवाबाट निबृत्त वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत दुई जना | सदस्य |
| (ठ) | कृषि क्षेत्रमा संलग्न उद्यमीहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एक जना | सदस्य |
| (ड) | कृषि अनुसन्धानको क्षेत्रमा गैर सरकारी संघ संस्थामा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एक जना | सदस्य |
| (ढ) | कार्यकारी निर्देशक | सदस्य सचिव |

(२) उपदफा (१) वमोजिम मनोनीत सस्यहरुका पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(३) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

६क[२] **परिषद्को वैठकः** (१) परिषद्को वैठक वर्षमा कम्तिमा दुई पटक वस्नेछ ।

(२) परिषद्को वैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषद्का वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को वैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र परिषद्को अध्यक्षको अनूपस्थितिमा परिषद्का सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को वैठक सम्बन्धी अन्य कुराहरु परिषद् आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

---

[१] प्रथम संशोधनद्वारा संशोधन

[२] प्रथम संशोधनद्वारा थप

६ख[२] **परिषद्को काम, कर्तव्य र अधिकार**: परिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

(क) राष्ट्रिय कृषि नीतिको अधिनमा रही कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक नीति निर्माण गर्ने ।

(ख) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने ।

(ग) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(घ) परिषद्को कार्यालयको संगठनको ढाँचा र कर्मचारी दरबन्दि स्वीकृत गर्ने ।

(ङ) नेपाल अधिराज्यमा भएका कृषि सम्बन्धी अनुसन्धान कार्यहरुको समीक्षा गर्ने ।

(च) कृषि सम्बन्धी समस्याहरुको पहिचान गरी राष्ट्रिय कृषि नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(छ) समितिलाई आवश्यक निर्देशन दिने ।

७[१] **कार्यकारी समितिको गठन:** (१) परिषद्को कार्य सञ्चालनको निमित्त देहाय वमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति हुनेछ:

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक | अध्यक्ष |
| (ख) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | सहसचिव, कृषि मन्त्रालय | सदस्य |
| (घ) | सहसचिव, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग | सदस्य |
| (ङ) | महानिर्देशक, कृषि विभाग | सदस्य |
| (च) | महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| (छ) | परिषद्को क्षेत्रीयस्तरका कार्यालय प्रमुखहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनित एकजना | सदस्य |
| (ज) | परिषद्को कार्यक्रम निर्देशकहरु मध्येबाट कार्यकारी निर्देशकले मनोनित गरेको एकजना | सदस्य सचिव |

[१] प्रथम संशोधनद्वारा संशोधन



(२) उपदफा (१) वमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पून: मनोनित हुन सक्नेछन् ।

(३) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछन् ।

८ **समितिको बैठक**: (१) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(२) समितिका सम्पुर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पूगेको मानिनेछ ।

(३) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनूपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको वैठक सम्बन्धी अन्य कुराहरु समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

९[१] **समितिको काम, कर्तव्य र अधिकार**: परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

(क) परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने गराउने ।

(ख) परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्न आवश्यक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि परिषद्मा पेश गर्ने ।

(ग) कृषि अनुसन्धानमा आवश्यक परामर्श सेवा तथा अनुसन्धान सहयोग उपलव्ध गराउने ।

[१] प्रथम संशोधनद्वारा संशोधन

(घ) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यहरुको तथ्याङ्क तथा प्रतिवेदनहरु अद्यावधिक राख्ने ।

(ङ) परिषद्‌ले दिएका निर्देशनहरुको पालना गर्ने गराउने ।

(च) कृषि अनुसन्धानसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

१०[१] **<u>उपसमिति गठन गर्न सक्ने</u>:** (१) <u>परिषद् वा</u> समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ:

(२) उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए वमोजिम हुनेछ ।

१०क[२] **<u>अधिकार प्रत्यायोजन</u>:** (१) परिषद्‌ले आफुलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार परिषद्‌का अध्यक्ष, परिषद्‌का सदस्य, समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रात्यायोजन गर्न सक्नेछ ।

११ **<u>परिषद्‌को कोष</u>:** (१) परिषद्‌को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्‌को कोषमा देहायका रकमहरु रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त अनूदान रकम ।

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने अनुदान रकम ।

(ग) अनुसन्धान कार्य वा परामर्श सेवा गरे गराए वापत प्राप्त हुने रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

---

[२] दोस्रो संशोधनद्वारा संशोधन



(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट अनुदान लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्‌लाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्य भित्रको कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्‌द्वारा गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) वमोजिमको कोषबाट व्यहोरिनेछ ।

१२ **<u>लेखा र लेखा परीक्षण</u>:** (१)[१] परिषद्‌को आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली वमोजिम राखिनेछ ।

(२) परिषद्‌को लेखा परिक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१३[१] **<u>कार्यकारी निर्देशक</u>:** (१) परिषद्‌को प्रशासकीय प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस पेश गर्न देहाय वमोजिमको सिफारिस समिति रहनेछ:

(क) सचिव, कृषि मन्त्रालय ।

(ख) नेपाल सरकारले तोकेको परिषद्‌का सदस्य वाहेकका दुईजना लव्ध प्रतिष्ठित कृषि वैज्ञानिकहरु ।

(३) उपदफा (२) वमोजिमको सिफारिस समितिले कृषि अनुसन्धान परिषद् अन्तर्गत कार्यरत सक्षम र वरिष्ठ वैज्ञानिकहरु मध्ये तीनजना व्यक्तिहरुलाई कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ र नेपाल सरकारले ती व्यक्तिहरु मध्येबाट एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

---

[१] प्रथम संशोधनद्वारा संशोधन

तर परिषद्मा कार्यरत वैज्ञानिकहरु मध्ये उक्त पदमा नियुक्तिको लागि उपयूक्त व्यक्ति उपलब्ध हुन नसकेमा सो पद खूल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(४) कार्यकारी निर्देशकको पदको लागि सिफारिस हुने व्यक्तिहरुको योग्यता देहाय वमोजिमको हुनु पर्नेछ:

(क) कृषि सम्बन्धी विषयमा कम्तिमा स्नातकोत्तर तह उतीर्ण गरेको र कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यको कम्तिमा दश वर्ष अनुभव भएको ।

(ख) कृषि अनुसन्धान सम्बन्धी विषयमा कृतिहरु प्रकाशन गरेको ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुन: चार वर्षको लागि नियुक्ति हून सक्नेछ । तर निजको कार्य सन्तोषजनक नभएमा परिषद्को सिफारिसमा नेपाल सरकारले निजको पदावधि सकिनु अघिनै निजलाई पदबाट हटाउन सक्नेछ ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१४ **परिषद्को कर्मचारी:** (१) परिषद्को कार्य सञ्चालनको निमित्त समितिले आवश्यक कर्मचारीहरु तोकिए वमोजिम नियुक्त गर्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१५ **नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने:** परिषद्ले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।



१६ **नेपाल सरकारले निर्देशन दिन सक्ने:** नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

१७ **नेपाल सरकारसँग सम्पर्क:** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा कृषि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८ **परिषद्को विघटन:** (१) कूनै मनासिव कारण भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्लाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम परिषद् विघटन भएमा परिषद्को हक र दायित्व नेपाल सरकारमा सर्नेछ ।

१९ **विनियम बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature:
Date: July 8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

Dispatch No. of Notary Public: 2430

Date of Royal Seal and Publication: 2048/01/25 (08th May, 1991)

**Amending Act:**

1. Date of First Amendment: 2053/11/03 (14th February, 1997)
2. Strengthening Republic and Some Nepali Law Amendment Act, 2066 (2009) (Implemented since 15th Jestha 2065 i.e. 28th May, 2008)

# Nepal Agricultural Research Council Act, 2048, (1991)

## Act Number 3 of the year 2048 (1991)

An Act made to establish and provide for Nepal Agricultural Research Council

### Preamble

Whereas, it is expedient to establish and provide Nepal Agricultural Research Council, so as to study and research over the problems of agricultural sector and find out the solutions, thereof, so as to increase the economic standards of the people,

Now, therefore, His Majesty King Birendra Bir Bikram Shah Dev has made this Act with the advice and consent of the Council of Ministers under Article 129 of the Constitution of the Kingdom of Nepal, (2047 B.S.) 1990.

**1. Short Title and Commencement:**

(1) This Act shall be known as "Nepal Agricultural Research Council Act, 1991"

(2) It shall come into effect at once.

**2. Definitions**:

Unless the subject or the context otherwise requires, in this Act

(A) "Council" refers "Nepal Agriculture Research Council" established under Section 3 of the Act.



(B) "Board" refers to the Executive Committee formulate under Section 7 of the Act.

(C) "Chairman" refers to the Chairman of the Board.

(D) "Member" refers member of the Board and the term also refers the Chairman and Member Secretary.

(E) "Executive Director" refers Executive Director appointed or nominated under Section 13.

(F) "National Agriculture Policy" refers to agriculture policy published by the Government of Nepal, so as to implement the long-term Agriculture Plan prescribed by National Planning Commission and the agriculture plan mentioned in the Five-Year Plan. **(Added by first amendment)**

(G) "Prescribed" or " as prescribed" refers to prescribed or as prescribed in the by-laws framed under this Act

**3. Establishment of Council:**

1. Nepal Agricultural Research Council has been established for the purpose of identification of the problems of agriculture sector and trace out ther solutions thereof, and carry up or cause to carry up the high level study and research viz-a-viz agriculture.

2. The office of the Council shall be located in Kathmandu Valley.

**4. The Council to be Corporate body:**

1. The Council shall be an autonomous and corporate body with the perpetual succession.

2. The Council shall have a seperate seal for all its actions and functions.

3. As an induvidual the Council may obtain, possess, sell or manage otherwise the movable and immovable property.

4. As an induvidual the Council may sue or it may also sued in its own

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature:
Date: July 8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate Feb. 22, 2013 A.D
Seal of the Notary Public

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature
Date July-8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

name.

**5. Objectives of the Council:**

The objectives of the Council shall be as follows

A. To or cause to perform the high level study and research relating to agriculture.

B. To carry up research- oriented study for the essential technique, knowledge and skill by finding out the solutions of the agriculture sector related problems with the identification of the problems as such **(Amended by first amendment)**

C. To co-operate the Government of Nepal so as to formulate the National Agriculture Policy.

**6. Formation of the Council (Amended by first amendment )**

The Council shall be formed as follows:

A. Minister or State Minister of Agriculture - Chairman
B. Member (Handling the agriculture sector) National Planning Commission - Member
C. Secretary, Ministry of Agriculture -Member
D. Secretary, Ministry of Finance - Member
E. Secretary, Ministry of Forest and Soil Conservation - Member
F. Secretary, Ministry of Science and Techonology - Member
G. Secretary, Nepal Academy of Science and Techonology - Member
H. Dean- Institute of Agriculture and Animal Science Study - Member
I. One person out of the experienced agriculture scientists working in the council, nominated by the Government of Nepal - Member
J. Two persons extending contribution in the agricultural research sector and working in the concerned organization nominated by the Government of Nepal - Member



K. Two nominee nominated by Government of Nepal out of the prestigious vocational farmer or the scientists retired from the service of the Council - Member
L. One nominee nominated by the Government of Nepal out of the industrialists working in the agriculture sector – Member
M. One nominee nominated by the Government of Nepal out of the persons involved in the organization relating to agricultural research sector - Member
N. Executive Director - Member Secretary

2. The nominated persons under Sub- section (1) shall have tenure of two years. They may be renominated.
3. The Government of Nepal may upon necessity, by publishing notice in Nepal Gazette, change or alter the members of the Council.

**6A . Meeting of the Council: (Added by first amendment )**

1. There shall be at least two meetings of the Council in a year.
2. The meeting of the Council shall take place on the date, time and place prescribed by the Chairman.
3. The attendance of at least 50% members out of the total members of the Council shall be held valid quorum in the meeting of the Council.
4. The Chairman of the Council shall chair meeting of the Council and a member selected by other members shall chair the meeting of the Council in the absence of the chairman.
5. The decision of the Council shall be authenticated by the Member-Secretary.
6. The other matters relating to the meeting of the Council shall be as prescribed by the Council.

**6B.Power, Function and Duties of the Council (Added by first amendment ):**

The power, function and duties of the Council shall be as follows:

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Date July-8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

A. To formulate esential policy for the study and research relating to agriculture subject to National Agriculture Policy.

B. To prescribe the priority sector for the study and research in the agricultural sector.

C. To approve the essential annual programme and budget for the study and research in the agricultural sector.

D. To approve the organizational chart and provision of employees for the office of the council.

E. To review the research activities relating to the agricultural sector carried up in Nepal.

F. To recommend the Government of Nepal after identifying the problems of the agricultural sector for the formulation of the National Agriculture Policy.
G. To issue essential directives to the Board.

**7. Formation of the Executive Board (Amended by the first Amendment)**

A. Executive Director -Chairman

B. Joint- Secretary, Ministry of Finance - Member

C. Joint Secretary, Ministry of Agriculture - Member

D. Joint Secretary (Handling agricultural sector) National Planning Commission -Member

E. Director General, Department of Agriculture -Member

F. Director General, Department of Livestock Services -Member

G. One person nominated by Government of Nepal out of the Chiefs of the regional offices of the Council -Member

H. One person nominated by the Executive Chief out of the Programme Directors of the Council -Member

Ceclsam
July-8, 2011



2. The nominated persons under Sub- section (1) shall have tenure of two years. They may be renominated.
3. The Government of Nepal may upon necessity, by publishing notice in Nepal Gazette, change or alter the members of the Board.

**8. Meeting of the Board:**

1. The meeting of the Board shall take place on the date, time and place as prescribed by the Chairman.

2. The attendance of at least 50% members out of the total members of the Board shall be held valid quorum in the meeting of the Board.

3. The Chairman of the Board shall chair meeting of the Board and a member selected by other members shall chair the meeting of the Board in the absence of the Chairman.

4. The decision of the Board shall be authenticated by the Member -Secretary.

5. The other matters relating to the meeting of the Board shall be as prescribed by Board *per se*.

**9. Power, Function and Duties of the Board: (Amended by the first Amendment):** ***Under directives given by Council power, function and duties of the Board shall be as follows:***
A. To or cause to study and research on agriculture subject to the policy directives of the Council.

B. To formulate essential programme and budget essential to carry up the study and research relating to the agricultrure policy directives of the Council.

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature: Ceclsam
Date: July-8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

C. To render essential consultancy service and co- operation for research activities relating to agriculture.

D. To update the statistics and report of the study and research works relating to agriculture.

E. To perform or cause to perform the directives issued by the Council.

F. To perform or cause to perform the other essential activities relating to agriculture.

**10. To counstitute the Sub- committee (Amended by first amendment): :**

1. The Council or the Board, may constitute the sub- committee as per necessity for the operation of the respective functions.

2. The power, function, duties and procedures of the Sub- committee shall be as prescribed.

**10 A. Delegation of Power (Added by first amendment):**

1. The Council may delegate some of its power to the chairman of the Council, member of the Council, Board or the Sub-committee.

2. The Board may delegate some of its power to the Chairman, Sub-committee or any Officer level employee of the Board.

**11. Fund of the Council:**

1. The Council shall have a separate fund.

2. The fund shall have the following amount:

(A) The amount of grant assistant received from the Government of Nepal.

(B) The amount of grant assistant received from the foreign government or international agencies.

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature
Date: July-8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public



(C) The amount received for research works or counsultancy services.

(D) The amount received form other sources.

3. The prior permission of the Government of Nepal shall be obtained to accept the grant assistant from the foreign government or international agencies.

4. The entire amount received to the Council shall be deposited in the Commercial bank placed inside Nepal.

5. The entire expenses to be made by the council shall be borne from the fund arranged pursuant to Sub-section (1).

**12. Account and Audit:**

1. The account of the income and expenditure of the council shall be maintained pursuant to the professional accounting system **(Amended by first amendment).**

2. The audit of the Council shall be held from the Auditor General .

**13. Executive Director (Amended by first amendment);**

(1) There shall be an Executive Director to work as the administrative chief of the Council.

(2) There shall be following recomendation committee to recommend for the Executive Director before the Government of Nepal.

(A) Secretary, Ministry of Agriculture.

(B) Two prestigious Agriculture Scientists being non-member of the Council nominated by the Government of Nepal.

(3) The recommendation committee pursuant to Sub-section (2) shall recommend three persons among the capable and senior scientists working

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature
Date: July-8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

under the Agricultural Research Council for the appointment as the Executive Director and the Government of Nepal shall appoint Executive Director among the said person.

Provided that, in case no qualified person is available among the working scientists of the Council to the said post it shall be fulfilled by applying the free competition.

4. There shall be following qualification in order to recommended the post of Executive Director.

(A) Having passed at least Masters level in agriculture related subject and having exeperience of minimum 10 years in the study and research works relating to agriculture.

(B) Having published the works relating to the research of agriculture.

5. The tenure of Executive Director shall be of four years with the eligibility of reapointment for the further period of four years.

Provided that,the Government of Nepal may remove the Executive Director on the recommendation of the Council in case of finding the dissatisfactory work performed before the lapse of tenure.

6. The provision relating to remuneration, service conditions and facilities of the Executive Director shall be as prescribed.

**14. Employees of the Council:**

1.The essential employees for the operation of the work of the Council shall be appointed in the manner as prescribed.

2.The remuneration, conditions and facilities of the service of the employees appointed under sub-section (1) shall be as prescribed.

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature
Date July 8, 2011
Certificate Number of the Notary Public: 1432
Date of Expiry of Certificate: Feb. 22, 2013 A.D
Seal of the Notary Public

9



**15. To submit report before the Government of Nepal:** The annual report of the work performed by the Council shall be submitted before the Government of Nepal within six months upon the lapse of each fiscal year.

**16. The Government of Nepal may issue directives:** The Government of Nepal may issue essential directives to the Council. It shall be the duty of the Council to follow the directives as such.

**17. Liaison with the Government of Nepal:** The Council shall liase with the Government of Nepal through the Ministry of Agriculture.

**18. Dissolution of the Council:**

(1) Under the appropriate cause the Government of Nepal may dissolve the Council with the publication of notice in Nepal Gazette.

(2) In case the Council is dissolved the rights and liability of the Council shall be devolved with the Government of Nepal.

**19.To frame by-law:** The Council may frame essential bye-laws so as to implement the objective of the Act with permission of the Government of Nepal.

Verification of True Copy of Orginal
Name: Gopi Sharma Subedi
Signature
Date July 8, 2011
Certificate Number of the Notary Public. 1432
Date of Expiry of Certificate. Feb. 22, 2013 A.D
Seal of the Notary Public

Schedule-10
(Related to Sub Rule (5) of Rule 18)
Form of Translation Copy of Document
"The Translation copy is true and verified"

**Signature :**
Name : Bijaya Prasad Mishra
Date :9th December, 2010
Certificate Number of the Notary Public : 26
Date of Expiry of Certificate : 4th November 2012
Seal of the Notary Public :

# परिषद्को प्रथम बैठक

मिति:२०५४।५।२९

**अध्यक्ष: माननीय कृषि मन्त्री, रामकृष्ण आचार्य**

क. दीर्घकालीन कृषि नीति (Agriculture Perspective Plan, (APP) संग तादाम्यता दर्साइ कार्यक्रमहरु आवधिक रुपमा APP को मार्ग निर्देशन अनूरुप क्रमश: अनूशरण गर्दे लैजानु पर्ने ।

ख. बाली/बस्तु अनुसन्धान कार्यक्रमहरुको वर्गीकरणको क्रममा कति आयोजनाहरु ०५३।०५४ मा समाविष्ट थिए र हाल के कति कार्यक्रमहरु प्रस्ताव गरिएको छ ? सो को तुलनात्मक अध्ययन गर्न कठिनाई हुने भएको हुँदा स्पष्ट चित्रणको लागि संक्षिप्त रुपमा तूलनात्मक विवरण समावेश हुन बाञ्छनीय देखिन्छ ।

ग. प्रस्तुत कार्यक्रममा दुग्ध अनुसन्धान सम्बन्धी प्रस्तावहरु न्यून भएको हुँदा दुग्ध अनुसन्धान सम्बन्धी एउटा अनुसन्धान इकाई/शाखा स्थापना गर्ने तर्फ पहल हुनु पर्ने ।

घ. परिषद्ले विभिन्न बिषयमा अनुसन्धान गरे पश्चात कृषक तहमा यसको अनुसरण भए नभएको पुनरावलोकन, सुपरीवेक्षण एवं मूल्याङ्कन गरी सोको समीक्षा गरिनु पर्ने साथै सम्बन्धित निकायहरुसंग उच्चस्तर बाटै समन्वय हुनु पर्ने ।

ङ. कृषि अनुसन्धान परिषद् एक स्वशासित र संगठित संस्था भएको हुँदा यसलाई अन्य संघ संस्थाको रुपमा नहेरी वैज्ञानिक वातावरणलाई अझ बढी बढवा दिई यससंग आवद्ध वैज्ञानिक एवं प्राविधिकहरुको मनोबल उकास्ने तर्फ ध्यान पुर्याई हालको तलब मानमा सुधार हुनु पर्ने ।

च. राष्ट्र आज नवौं पञ्च वर्षीय योजनाको प्रथम वर्षमा प्रवेश गर्दैछ । २० वर्षे दीर्घकालीन कृषि नीति अन्तर्गत समष्टिगत रुपमा दीर्घकालीन खाद्य सुरक्षा पद्धति (Over all Improvement of Long Term Food Security System) लाई



प्राथमिकता दिने सन्दर्भमा "परिषद्" को भूमिका कस्तो हुनु पर्दछ भन्ने सोचाई राख्नु नितान्त आवश्यक छ । यस परिप्रेक्ष्यमा कृषि भूउपयोग प्रणाली (Agriculture Land Use Planning) लाई बढी प्राथमिकता दिईनु आजको आवश्यकता हो ।

छ. केरा, उखु तथा मेवा तर्फ हाल विभिन्न रोग/कीराहरुले आक्रमण गर्ने गरेको पाईएको हुँदा यसको निराकरण तर्फ पनि समयमै ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

ज. २० वर्ष दीर्घकालीन कृषि योजना (APP) अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा कुन किसिमको अनुसन्धान गर्ने तथा अनुसन्धान बजेट विनियोजन (Research Budjet Allocation) कसरी गर्ने भन्ने बिषयमा समीक्षात्मक विश्लेषण गरियो ।

झ. परिषद्को आ.व. ०५४।०५५ को लागि कूल बजेट ३२ करोड २८ लाख प्रस्तुत गरिएको र सो मध्ये करिब ७ करोड जति मात्र अनुसन्धानको लागि खर्च हुने आँकडा प्रस्तुत भएको हुँदा यो अनुसन्धानको लागि विनियोजित रकम ज्यादै न्यून भएको हुँदा आगामी वर्षहरुमा वास्तविक अनुसन्धान बजेट वृद्धि गरिनु पर्ने ।

ञ. आ.व. ०५४।०५५ को लागि रु. ३२ रोड २८ लाख प्रस्ताव गरिएको छ, अनुसन्धानको लागि जनशक्तिको Ratio के कस्तो हुनु पर्दछ ? अन्य छिमेकी राष्ट्रको अनुपातमा यसको पनि विश्लेषण हूनू नितान्त आवश्यक छ ।

ट. परिषद्बाट भएको अनुसन्धान र अनुसन्धानबाट प्राप्त प्रविधिलाई प्रचार प्रसार तर्फ राम्रो समन्वयको अभाव देखिएको हुँदा यस तर्फ पनि समयमै ध्यान पुर्याउनु पर्ने ।

ठ. बाली तर्फका विषादी औषधीहरु अति अनुचित तवरबाट प्रयोग भई रहेको हुँदा यस तर्फ परिषद्ले ध्यान पुर्याउनु पर्ने ।

ड. NARC र उच्च राम्रो अध्ययन संस्थानको Strong Inter Linkage कसरी बढाउने तर्फ ध्यान दिनु पर्ने ।

ढ. NARC कुन स्थितिमा थियो ? के भयो ? तथा हालको स्थिति के छ ? आजको परिप्रेक्ष्यमा कृषिको बृध्दि दर ३.५ प्रतिशत छ, यस्तै जनसंख्या बृध्दि दर २.५ प्रतिशत छ, यस परिस्थितिमा उत्पादकत्व बढाउने जिम्मा NARC मा रहेको हुँदा त्यस तर्फ समयमै ध्यान पुऱ्याउनु पर्ने ।

ण. अनुसन्धान प्रस्तावहरुको संख्यालाई न्युन गरी गुणस्तरीय प्रभाव देखाउन सक्ने खालको अनुसन्धानहरु गर्ने तर्फ विशेष जोड दिनु पर्ने ।

त. कृषि अनुसन्धानको अवधारणा बारे परिषद् स्पष्ट हुनु पर्ने बिषयमा बिचार विमर्श गरियो ।

थ. प्रस्तुत राय, सुझाव प्रतिक्रिया मध्ये चालु आ.ब. को कार्यक्रम बजेट तर्जुमा गर्दा विचार पुऱ्याउने ।



# परिषद्को दोश्रो बैठक

**मिति: २०५४।१०।१५**

**अध्यक्ष: माननीय कृषि मन्त्री, डा.प्रकाश चन्द्र लोहनी**

क. वास्तविक अनुसन्धान तर्फको बजेट न्यून देखिनु र Operational बजेट तर्फ प्रशस्त बजेट व्यवस्था भएको हुँदा कार्यक्रम बजेट तयार गर्दा यस तर्फ परिषद् व्यवस्थापनले ध्यान दिनु पर्ने ।

ख. नेपाल जस्तो विकासोन्मूख राष्ट्रमा अतिरिक्त आयमूलक कार्यक्रमहरुले अनुसन्धानको पक्षलाई असर नपार्ने भएको हुँदा आयमूलक कार्यक्रम तर्फ पनि उन्मुख भई अनुसन्धान कर्मीहरुलाई प्रोत्साहित गर्नु पर्ने सोचाई राख्नु पर्ने ।

ग. कृषि वैज्ञानिकहरुको वैज्ञानिक कार्यको विकास गर्नको लागि सो अनुरुपको वैज्ञानिक वातावरण भएमा मात्र अनुसन्धान फष्टाउन सक्ने भएको हुँदा यस तर्फ ध्यान पुऱ्याउनु पर्ने ।

घ. परिषद् र अन्तरगतका फार्म/केन्द्रहरु तथा जन समूह बीच जनसंम्पर्क/अन्तरक्रियाको कमी भएको महसुस गरियो साथै सम्बन्धित Research Manager हरुले फर्मको Potential कति छ ? अनुसन्धानात्मक पक्षलाई बाधा नपर्ने गरी अतिरिक्त उत्पादन कतिसम्म गर्न सकिन्छ ? सो को लागि सम्बन्धित फार्म/केन्द्रहरुमा प्रस्तावहरु तयार गर्न लगाई कार्यान्वयन गर्ने ।

ङ. परिषद् अन्तरगतका माछा फार्महरुमा Ornamental Fishery को सम्भाव्यता अध्ययन गरी सो सम्बन्धी अनुसन्धानको लागि के कसरी अगाडी बढाउन सकिन्छ ? समयमै त्यस तर्फ पनि विचार पुर्‍याउनु पर्ने ।

च. परिषद् स्वायत्त एवं स्वतन्त्र कृषि अनुसन्धान गर्ने संस्था भएको हुँदा Market Oriented Research System तर्फ पनि समयमै सोचाई राख्नु पर्ने ।

# परिषद्को तेश्रो बैठक

मिति:२०५५।०२।१८

अध्यक्षः **माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. परिषद्को प्रथम संशोधन ऐन २०५३ अनुरुप परिषद्को विनियमहरू पनि संशोधन गर्न आवश्यक भएकोले परिषद्को कार्यकारी समितिले संशोधनको लागि सिफारिस गरे अनुसार सो उपर समीक्षात्मक छलफल गरि कार्यकारी समितिले संशोधनको लागि सिफारिस गरिएको कर्मचारी प्रशासन, आर्थिक प्रशासन तथा कार्य सञ्चालन विनियम श्री ५ को सरकारको स्वीकृतिको लागि सिफारिस साथ पठाउने निर्णय गरियो ।

ख. परिषद्का तत्कालिन अध्यक्ष एवं माननीय कृषि मन्त्रीज्यूको मिति २०५४ पौष ९ गते परिषद्को निरीक्षण भ्रमणमा कृषि अनुसन्धानकर्ताहरूलाई प्रोत्साहित गर्नु पर्ने महसुस गरी प्रोत्साहन दिन तयार पारिएको परिमार्जित अनुसन्धान प्रोत्साहन प्याकेजमा निम्नानुसार बिषयहरू समेत समावेस गरी भाषागत सुधार र शब्दहरू समेत पुन: परिमार्जन गरी परिषद्को एक छुट्टै बैठक राखी छलफल गर्ने निर्णय गरियो ।

- एक रिभल्भिङ्ग फण्ड वा आर्थिक प्रावधान कोषको श्रृजना गरी सो बाट अनुसन्धानमा आबद्ध कर्मचारीहरूलाई सुबिधा दिने ।
- फार्महरूलाई रिसर्च फार्म, रिसोर्ष फार्म तथा कर्मसियल फार्महरूमा विभाजन गर्ने तर्फ पनि बिचार पुऱ्याउने ।
- वैज्ञानिकहरूलाई अनुसन्धान गर्न समुचित वातावरण मिलाई दिने जस्तै: मेटेरियल्स्, ल्याब, इक्विप्मेण्ट्स आदि आवश्यक प्रबन्ध मिलाई दिने ।
- परिषद्मा कार्यरत वैज्ञानिक तथा परिषद् बाहिर बसी कृषि सम्बन्धी विशेष अनुसन्धान गरिरहेका व्यक्ति/संस्थाहरूलाई पुरस्कृत गर्नु पर्ने तर्फ ध्यान पूऱ्याउनु पर्ने ।
- फण्डामेण्टल रिसर्च गर्ने व्यक्तिलाई वार्षिक रुपमा पुरस्कृत गर्ने प्रणाली तर्फ सोचाई राख्नु पर्ने ।
- समष्टिगतरुपमा प्रस्तावित प्रोत्साहित प्याकेजमा उल्लेखित बुँदाहरू समाहित हुने गरी आगामी बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

ग. परिषद् व्यवस्थापनले तयार पारी "परिषद्को" बैठकको निर्णयानुसार परिमार्जित कृषि अनुसन्धान रणनीति प्रस्ताव सम्बन्धमा समीक्षात्मक छलफल हुँदा निम्नानुसार अनुसन्धनात्मक विषयवस्तु समेत समावेश गरी एक कार्यशाला गोष्ठीको आयोजना गरी सोबाट मात्र निचोडहरू समेत राखी आवश्यक परिमार्जन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

- प्रस्तावित कृषि अनुसन्धान रणनीतिमा योजना आयोग, कृषि र पशु विज्ञान अध्ययन संस्थान आदि जस्ता सम्बन्धित संथाहरूको समेत संलग्नता रहेको हुनु पर्ने ।
- पृथक धारणा समेत राख्न सक्ने विषय विशेषज्ञहरूको राय प्रतिक्रिया समावेश हुनु पर्ने ।
- Private Sector, अर्थ मन्त्रालय तथा सम्बन्धित सरकारी एवं गैह्र सरकारी, संघ संस्थाहरूको भूमिका (Role) प्रष्ट हुनु पर्ने ।
- राष्ट्रको वास्तविक कृषि विकासको लागि Sectoral/Climatical Environment, Geolacation, Ecological Position आदिको आधारमा कृषि अनुसन्धानको रणनीति तय हुनु पर्ने ।

- कृषि अनुसन्धान गर्ने क्रममा विदेशी नारा भन्दा राष्ट्रको वस्तुस्थिति वातावरण आदिको आधारमा कृषि रणनीति तय हुनु पर्ने ।
- NARC लाई कृषि अनुसन्धान गर्न Mandate भएको हुँदा उत्पादनमूखी भन्दा अनुसन्धानमुखी भई कार्य गर्नु पर्ने तर्फ ध्यान पुर्‍याउनु पर्ने ।
- समष्टिगत रुपमा प्रस्तावित कृषि अनुसन्धान रणनीतिलाई पून: परिमार्जन गर्न उल्लेखित बुँदा/विषयहरू समेतलाई समाहित गर्न सम्बन्धित सबै सँघ संस्थालाई आमन्त्रण गरी एक कार्यशाला गोष्ठीको आयोजना छिट्टै गर्ने समेत निर्णय गरियो ।



# परिषद्को चौंथो बैठक

मिति:२०५५।०५।०३

**अध्यक्ष: माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. प्रस्तुत कार्यक्रममा Dairy Development Research तर्फ के कसरी अनुसन्धान गर्ने ? सो सम्बन्धी कार्यक्रम समावेश नभएको हुँदा समावेश गर्नु पर्ने ।

ख. बिभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग Collaborative अनुसन्धानको निम्ति प्राप्त बजेट परिषद्को कार्यक्रम बजेटमा समावेश भएको छ भने स्पष्ट हुनु पर्ने ।

ग. Budget Distribution को Priority Sector के हो ? श्रोत र साधनको समुचित परिचालन कसरी गर्ने सम्बन्धमा परिषद् व्यवस्थापनले विशेष ध्यान दिनु पर्ने ।

घ. कृषि अनुसन्धानको प्राथमिकता क्षेत्र (Priority Sector) छूट्याउन तथा अनुसन्धानको सर्वपक्षीय मूल्याङ्कन एवं सहि पहिचान गर्नको लागि Evaluation Committee/Commission खडा गरी सो को आधारमा कार्यक्रम तर्जुमा गर्न उपयुक्त हुने ।

ङ. उत्पादन भई सकेको वस्तुलाई Post Harvest Management को माध्यमबाट व्यवस्थित गर्न महत्वपूर्ण योगदान रहने भएको तर यस क्षेत्रलाई Low-key मा राखिएको हुँदा विशेष ध्यान दिनु पर्ने ।

च. कृषि अनुसन्धानमा कृषि बजार (Agriculture Marketing) को महत्व अधिक हुने हुँदा यसको अनुसन्धान तर्फ परिषद् उन्मूख हुनु पर्ने ।

छ. कृषि अनुसन्धानबाट नै कृषिको विकास हुने तथ्य स्पष्ट भएको परिप्रेक्ष्यमा कृषिको अनुसन्धान गर्न प्रमुख Mandate NARC लाई भएको हुँदा यसले विशेष भूमिका

निर्वाह गरी Innovative Research तर्फ पनि समयमै ध्यान पुर्‍याउनु पर्ने ।

ज. Collaborative/Contract Research लाई अझ बढी प्रभावकारी एवं नतिजामुखी बनाउन कृषि तथा पशु विज्ञान अध्ययन संस्थान यस क्षेत्रमा संलग्न NGO, INGO र अन्य संस्थाहरुसंगको सहभागितामा कृषिको अनुसन्धान गर्नु पर्ने तर्फ उन्मुख हुनु पर्ने ।

झ. प्रत्येक वर्ष गरिएको Research लाई अझ परिमार्जन एवं गुणस्तरयुक्त गर्नको लागि Research Evaluation एवं Monitoring मा निरन्तरता दिनु पर्ने ।

ञ. वास्तविक कृषि अनुसन्धान तर्फको बजेटमा वृद्धि भएको देखिदैन र Regular Budget बाहेक अन्य विभिन्न संघ संस्थाहरु मार्फत प्राप्त हुने Projects के कस्तो प्राथमिकताको आधारमा हुने हो, सो Projects कसरी यो कार्यक्रम र बजेटमा झल्कन्छ, सोको विवेचना हुनु बाञ्छनीय हुन्छ ।

ट. प्रस्तुत कार्यक्रममा ८४२ वटा Projects छन् । यसलाई विषयगत रुपमा गरी संख्या Packaging ठूलो नदेखाई प्रस्तुत गर्ने ।

ठ. NARC General Type Research बाट Fundamental Research तर्फ ध्यान दिदै Agricultural Land लाई औद्योगिकरणको लागि स्वीकृति दिन नहुने सुझावहरु सम्बन्धित निकायमा पठाउनु पर्ने ।

ड. कृषि जन्य भूमीको उपभोग (Agriculture Land Utilization) के कसरी गर्ने र के कस्तो नीतिको आवश्यकता छ ? यस विषयमा पनि गम्भिर भई सोच्नु पर्ने ।

ढ. प्रत्येक जिल्लाहरुको Soil Profile तयार पश्चात मात्र Agricultural Planning गर्न सजिलो हुने हुँदा यस तर्फ पनि समयमै विचार पुर्‍याउनु पर्ने ।

ण. Rice/Wheat Research मा सरकारले ठूलो धन राशी लगानी गरिसकेको छ, तर उत्पादनमा भने खास फरक



पाईदैन तसर्थ उत्पादकत्व बढाउने क्षेत्रमा अनुसन्धान हुनु पर्ने ।

त. आ.व. ०५५।०५६ को कार्यक्रम र बजेट प्रस्तुत गर्ने क्रममा ARS, Hardinath को सट्टा Rice Research Programme, Hardinath हुनु पर्ने राय प्राप्त भयो ।

थ. उपरोक्त राय/प्रतिक्रिया/सुझाव एवं जिज्ञासाहरुमा परिषद्का कार्यकारी निर्देशक एवं सम्बन्धित विषयका निर्देशकहरुले हालसम्म गरी आएको अनुसन्धानात्मक गतिविधिहरुको जानकारी गराउँदै उपरोक्त राय/सुझाव एवं निर्देशनहरुलाई सकभर यसै आर्थिक वर्षको कार्यक्रममा परिमार्जन गर्ने र संभव नभएमा आगामी आर्थिक वर्षमा समाबेश गरी परिमार्जन गरिने जानकारी कार्यकारी निर्देशकबाट गराइयो ।

# परिषद्को पाँचौ बैठक

मिति: २०५५।०६।२२

**अध्यक्ष: माननीय कृषि मन्त्री, त्रिलोचन ढकाल**

क. परिषद्को विनियम स्वीकृतिको लागि कृषि मन्त्रालयमा पठाईएको र सो को स्वीकृत यथाशिघ्र भएमा परिषद्को दैनिक कार्य सञ्चालनमा सरल हुने जानकारी निमित्त कार्यकारी निर्देशकबाट गराइयो । यस सम्बन्धी कृषि सचिवज्यूबाट ऐन अनूकुल विनियम नभएको महसुस भएको हुँदा अध्ययन गरी तिहार पर्व पश्चात केही परिमार्जन गरी परिषद्मा पठाउने जानकारी गराइयो ।

ख. परिषद्बाट तयार पारिएको कृषि अनुसन्धान रणनीति सम्बन्धी प्रस्ताव परिषद्को बैठकमा पेश भएको र सो बैठकले एक पटक यससंग सम्बन्धित सबै संघ संस्था आदिको सहभागिता हुने गरी एक कार्यशाला गोष्ठीको आयोजना गर्ने विषयमा छलफल एवं विचार हुँदा परिषद्का सदस्यज्यूहरूबाट क्षेत्रीय कृषि भूबनौटको आधारमा स्थलगत भ्रमण गरी ३ महिना भित्र एक कार्यशाला गोष्ठीको आयोजना गरी सो प्रस्तावित कृषि अनुसन्धान रणनीति परिषद्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

ग. पूथुनरसिंह राणाको अध्यक्षतामा गठित पुनरावलोकन तथा अध्ययन कार्यदलले पेश गरेका प्रतिवेदनको १७ बुँदे सुझावलाई कार्यान्वयनमा ल्याउनु पर्ने विषयमा निमित्त कार्यकारी निर्देशकज्यूबाट जानकारी गराइयो ।

घ. परिषद्लाई अझ बढी अनुसन्धानमुखी एवं नतिजामूलक बनाउन Calander of operation तयार गरी सुझाव एवं निर्देशनको लागि छुट्टै परिषद्को बैठकमा प्रस्तुत गर्ने जानकारी निमित्त कार्यकारी निर्देशकज्यूबाट गराइयो ।



ङ. NARC मा केही आर्थिक तथा प्रशासनिक अनियमितता भएको व्यहोराको जानकारी निमित्त कार्यकारी निर्देशकज्यूबाट गराईयो । यस सम्बन्धमा छलफल हुँदा सो बारे छानबिन गर्न कार्यकारी निर्देशकले सोको अध्ययन गरी अध्यक्षज्यू समक्ष पेश गर्ने र तत्पश्चात एक उच्चस्तरीय कार्यदल गठन गर्ने समेत निर्णय गरियो ।

# परिषद्को छैठौं बैठक

मितिः २०५५।०७।०९
अध्यक्षः **माननीय कृषि मन्त्री, त्रिलोचन ढकाल**

क. “नेपाल कृषि अनुसन्धान परिषद्, “अनुसन्धान सुविधा प्याकेज” प्रस्तुत भयो । सो सम्बन्धमा विस्तृत विवेचना हुँदा अझ बढि अध्ययनको आश्यकता भएकोले तपसिल बमोजिम सदस्यहरू रहेको अध्ययन उपसमिति गठन गर्ने र अध्ययन उपसमितिले प्रतिवेदन १(एक) महिना भित्र परिषद्को अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल

- डा. कैलाशनाथ प्याकूर्‍याल सदस्य
- डा. बल बहादुर शाही सदस्य
- डा. ज्ञानलाल श्रेष्ठ सदस्य
- श्री विश्वनाथ अर्याल सदस्य
- डा. उपेन्द्र मिश्र

का.मु.कार्यकारी निर्देशक, सदस्य संयोजक

ख. परिषद्बाट तयार पारिएको “जनशक्ति पहिचान, कार्यक्षेत्र निर्धारण तथा प्रमुखहरूको कार्य विवरण” सम्बन्धी प्रस्ताव कार्यकारी समितिमा पेश भई रहेको र पछि परिषद्मा पेश गरिने जानकारी सदस्यसचिवबाट गराइयो ।



# परिषद्को सातौं बैठक

मितिः २०५५।८।१४
अध्यक्षः **माननीय कृषि मन्त्री, त्रिलोचन ढकाल**

क. परिषद्मा अध्ययन तथा तालीमको लागि छनौट गर्ने आधार सुविधाहरू स्वीकृत गरिएको ।

ख. कृषि अनुसन्धान प्रोत्साहन व्यवस्था अन्तर्गत परिषद्को आम्दानी मध्ये प्रत्येक वर्ष हुने आम्दानीको ५० प्रतिशत रकम जम्मा गर्ने निर्णय तथा HARP Incentive Package स्वीकृत गर्ने निर्णय ।

ग. परिषद् र अन्तर्गतका कार्यालयहरूमा राजिनामा, अवकाश आदिबाट रिक्त रहन गएका एल.टि.३ र ए.टि.२ (निम्नस्तर प्राविधिक) पदहरूलाई एल.टि.(१ निम्नस्तर प्राविधिक (कामदार) पद/तहमा कायम गरी पदपुर्ति गर्ने र माटो विज्ञान महाशाखामा रिक्त रहेका एल.टि. (२ को दूई वटा दरबन्दीलाई बागवानी अनुसन्धान महाशाखामा कायम गर्ने ।

घ. मिति २०५५।७।९ को परिषद्को बैठकद्वारा गठित छानबिन उप समिति र अनुसन्धान प्रोत्साहन सुविधा अध्ययन उप समितिलाई बैठक गर्नु पर्दा रु.५००। का दरले बैठक भत्ता प्रदान गर्ने र आवश्यक खाजा खर्चको व्यवस्था कार्यकारी निर्देशकले गर्ने ।

ङ. परिषद् र अन्तर्गतका ४६ वटा कार्यालयहरूमा २००० भन्दा बढी दरबन्दीहरू स्वीकृत भई कर्मचारीहरू कार्यरत छन् । सो दरबन्दी मध्ये एक जना कानूनी सल्लाहकारको प्रावधान समेत रहेको छ, तर परिषद्को दैनिक कानूनी कार्यवाही अगाडी बढाउने क्रममा कानून सहायकको दरबन्दी नभएकोले कानून सल्लाहकारको प्रावधान भए अनुसार निजले दैनिक रुपमा परिषद्मा आई कानूनी राय र सुझाव एवं काम कारवाही गराउन कठिनाई उत्पन्न

भएको कारण परिषद् अन्तर्गत बाली विज्ञान महाशाखा, खूमलटारमा हाल रिक्त रहेको प्राविधिक सहायक टि (१ पद/तह एक कटा गरी ए.एफ.(१ स्तरको कानून सहायकको परिषद् (केन्द्रीय कार्यालय) मा एक पद कायम गर्ने ।

च. परिषद्मा रिक्त रहेको वरिष्ठ वैज्ञानिक (एस ३ तथा एस ४) को ३० वटा पद/तहलाई वरिष्ठ वैज्ञानिक एस(५ पद/तहमा (परिषद्को मौजूदा दरबन्दी नबढाउने गरी) परिणत गर्ने ।



# परिषद्को आठौं बैठक

मितिः २०५५।९।२८

अध्यक्षः **सम्माननीय प्रधानमन्त्री एवं कृषि मन्त्री गिरिजा प्रसाद कोईराला**

क. सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष नेपाल कृषि अनुसन्धान परिषद्को विषयमा निम्न अनूसारको बूंदाहरू बारे सदस्यसचिवबाट जानकारी प्रस्तुत भयो ।

- परिषद्को परिचय
- प्रविधि हस्तान्तरण सम्बन्धी केही प्रकाशनहरू
- परिषद्का हालका केही उपलव्धीहरू
- विनियम
- आ.व.२०५५/५६ को कार्यक्रम बारे Highlights
- श्री ५ को सरकार मन्त्री परिषद्बाट भएको पेन्सन, उपदान, औषधोपचार वापत रु.दश करोड नेपाल कृषि अनुसन्धान परिषद्लाई उपलव्ध गराउने निर्णय कार्यान्वयन नहुँदा हाल उक्त सुविधाको लागि करिब रु. बाईस करोड आर्थिक भार पर्न गएको ।
- श्री ५ को सरकारको निर्णय अनूसार पशू स्वास्थ्य अनुसन्धान महाशाखा, त्रिपुरेश्वरबाट खुमलटार तरकारी वाली विकास महाशाखाको जग्गामा भवन बनाउन बजेटको साथै ठेक्का पट्टा समेत व्यवस्था भई सकेको भएतापनि स्थानीय व्यक्तिहरूबाट बाधा अड्चन उत्पन्न भई कार्यान्वयन हून नसकेको ।
- छानबिन उप समितिको प्रतिवेदन प्रस्तुत ।

ख. श्री ५ को सरकार मन्त्री परिषद्बाट भएको पेन्सन, उपदान, औषधोपचार वापत रु. दश करोड नेपाल कृषि अनुसन्धान परिषद्लाई उपलव्ध गराउने निर्णय कार्यान्वयनको लागि आउंदो आर्थिक वर्षको बजेटमा

समावेश गरी कार्यान्वयन गराउने नीति लिने निर्णय भयो ।

ग. श्री ५ को सरकारको निर्णय अनुसार पशु स्वास्थ्य अनुसन्धान महाशाखा, त्रिपुरेश्वरबाट खुमलटार तरकारी बाली विकास महाशाखाको जग्गामा भवन बनाउन बजेटको साथै ठेक्का पट्टा समेत व्यवस्था भई सकेको भएता पनि स्थानिय व्यक्तिहरूबाट बाधा अड्चन उत्पन्न भई कार्यान्वयन हुन नसकेको देखा परेका समस्या समाधान गर्न सम्माननीय अध्यक्षज्यूको निर्देशन बमोजिम कार्यकारी निर्देशकले कार्यान्वयन अगाडी बढाउने निर्णय भयो ।

ङ. बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट निम्न अनुसारको निर्देशन भयो:

- गरिबी निवारणको लागि वैज्ञानिकहरूले लगनशिल भई कटिबद्धताका साथ नयां प्रविधि विकास गरी परिषद्लाई दिगोरुपमा सञ्चालन गर्न एक प्रस्ताव तयार गरी परिषद्मा पेश गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद्मा संचालित क्रियाकलाप तथा राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान समेतको स्थलगत निरीक्षण भ्रमण कार्यक्रम बनाई अवलोकनको व्यवस्था गर्ने ।
- अनुसन्धान कार्यक्रमलाई अझ बढी सशक्त तथा प्रभावकारी बनाउन अनवरत निरिक्षण तथा मूल्यांकन गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाउने ।
- कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर तथा नेपाल कृषि अनुसन्धान, परिषद्, खुमलटारको समन्वय अझ बढी प्रभावकारी बनाउने ।
- कृषिको उपयोगी तथा चाँडै नतिजा प्राप्त गर्न सकिने खालको अनुसन्धान कार्यक्रमलाई प्रथामिकता दिने ।



# परिषद्को नवौं बैठक

मिति: २०५६।५।१८

**अध्यक्ष: माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. परिषद्बाट संचालित कार्यक्रमहरुको खर्च तथा आम्दानीको श्रोत समेत प्रष्ट हुने गरी राख्ने ।

ख. कृषक स्तरका समस्याहरु समाधानको निमित्त अनुसन्धान आयोजनाहरु तर्जुमा गर्न अझ बढी जोड दिने ।

ग. राष्ट्रिय स्तरको कृषि अनुसन्धान नीतिहरु समेतलाई दृष्टिगत गरि योजना तर्जुमा सुधार हुनु पर्ने ।

घ. NARC Vision को आधारमा Research Strategy बनाई अनुसन्धान कार्यहरु सञ्चालन गर्नु पर्ने ।

ङ. Post Harvest Research, Product Diversification (Dairy Sector) जस्ता विषयमा विशेष पहल हुनु पर्ने ।

च. परिषद्को बैठक हुनु पूर्व बैठकमा छलफल हुने कार्य सूचिहरुको विषय ७ दिन अगाबै प्राप्त भएमा छलफल गरि सुधारात्मक प्रतिक्रियाको लागि सघाउ पुग्ने हुँदा सोही बमोजिम व्यवस्था मिलाउने ।

छ. बिगत वर्षमा भएका अनुसन्धानात्मक आयोजनाहरुको उपलब्धी तथा आय/व्यय लगायतका विषयहरुमा प्रस्तुतिकरण गर्ने ।

ज. परिषद्का सदस्यज्यूहरुलाई NARC सम्बन्धी अनुसन्धानात्मक आयोजनाहरुको बारेमा समय समयमा जानकारी गराउने व्यवस्था मिलाउने

# परिषद्को दशौं बैठक

मितिः २०५६।६।१२

अध्यक्षः **माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. राष्ट्रिय कृषि नीतिको सम्बन्धित विषयमा Research Proposal तयार गरी अनुसन्धान हुनु पर्ने ।

ख. बागवानी, पशु तथा मत्स्य अनुसन्धानमा बिशेष जोड दिई आगामी वर्षमा अनुसन्धान कार्यक्रम तर्जुमा गर्ने र यसमा भएको जनशक्तिको कमिलाई Contract Research/Collaborative Research को माध्यमबाट APP १९९५ (Agriculture Perspaceline Plan) मा उल्लेख भए अनूसार प्राथमिकताको आधारमा अनुसन्धान कार्यक्रमहरु अघि बढाउनु पर्ने ।

ग. परिषद्बाट हुने अनुसन्धानहरु Routine Type को भएको हुँदा कृषिमा बढी Innovative Type को Research तर्फ जोड दिनु पर्ने ।

घ. कृषि अनुसन्धानको लागि तयार भई रहेको Policy/Research Strategy मा कुन कुन Sector मा के कस्तो तरिकाले अनुसन्धान गर्दै जाने हो स्पष्ट उल्लेख हुनु पर्ने ।

ङ. कृषि अनुसन्धानको Focus र Direction राष्ट्रिय आवश्यकता अनुरुप निर्देशित भई New Areas तिर पनि कृषि अनुसन्धानले गति लिनु पर्ने ।

च. कृषि अनुसन्धान गरिने Project संख्या धेरै भएको हुँदा संख्यात्मक भन्दा स्तरीय एवं गुणात्मक अनुसन्धान तर्फ ध्यान पुर्‍याउनु पर्ने ।

छ. आगामी वर्षको लागि अनुसन्धान आयोजनाहरुको तर्जुमा गर्नु पूर्व नीति निर्देशनको लागि बैठकबाट एकिन गरिनु पर्ने ।



ञ. Commercial Cropping, Post-harvest, Agri Marketting, Bio-technology लगायतका नयाँ क्षेत्र तर्फ अनुसन्धानलाई बढाउनु पर्ने ।

झ. कृषिलाई व्यवसायिकरण कै रुपमा विकास गर्दै लैजानको लागि परिषद्ले गर्दै आएको Research Tendency लाई समयानुकूल पुनः विचार/मूल्याङ्कन हुनु पर्ने ।

# परिषद्को एघारौं बैठक

मिति: २०५६।८।९
अध्यक्ष: **माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. परिषद्को ऐन, नियमावली तथा विनियमहरु प्रक्रियागत रुपमा संशोधन/परिमार्जन गरी मस्यौदा प्रस्ताव पेश गर्न यस अघि परिषद् (कार्यकारी निर्देशक स्तर) बाट गठित कार्यदललाई नै सोको मस्यौदा प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।



# परिषद्को बाह्रौं बैठक

मिति: २०५६।१०।१
अध्यक्ष: **माननीय कृषि मन्त्री, चक्र प्रसाद बास्तोला**

क. परिषद्को प्रस्तावित विनियम संशोधन सम्बन्धी विषयमा छलफल हुँदा समान्य परिमार्जन/सुधार गरी यसैसाथ संलग्न संशोधित मस्यौदालाई अनूमोदन गरि स्वीकृतिको लागि श्री ५ को सरकारमा पठाउने निर्णय गरियो ।

ख. परिषद्को विनियममा स्वेच्छिक अवकाशको प्रावधान भएको तर त्यसका शर्तहरु परिषद्बाट तोके बमोजिम हुने प्रावधान भएको सन्दर्भमा नार्क एक वैज्ञानिक संस्था भएको कारण Encourage नगर्ने, तर सो सम्बन्धी शर्तहरु के कसरी तयार गर्दा उपयूक्त हुन्छ । विभिन्न दृष्टिकोणबाट विश्लेषणात्मक अध्ययन गरी पेश गर्न लगाउने निर्णय गरियो ।

ग. आजको बैठकमा नयां नयां कृषि अनुसन्धानात्मक गतिविधिहरुमा थुप्रै विषयहरु उपर छलफल एवं समीक्षा गर्नु पर्ने महसुस भएको हुँदा अनुसन्धानात्मक विषयको लागि मात्रै छुट्टै एक विशेष बैठकको आयोजना गर्नको लागि Pro-active Session मा सहभागी गराउन कार्यकारी निर्देशकले सबै सदस्यज्यूहरुको उपयुक्त समय निकाली बैठक आयोजना गर्ने निर्णय गरियो ।

# परिषद्को तेह्रौं बैठक

**मिति: २०५७।३।३०**

**अध्यक्ष: माननीय कृषि मन्त्री, बलदेब शर्मा मजगैंया**

क. कार्यक्रम र बजेट सम्बन्धमा सदस्यज्यूहरुबाट प्राप्त निम्नानुसार सुझाव एवं निर्देशनहरुलाई आगामी कार्यक्रम र बजेट तर्जुमा गर्दा समाहित गर्न निर्देशन दिइयो ।

- ➢ चालू आर्थिक वर्षमा भएका अनुसन्धानात्मक कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धि/प्रगतिहरुको समीक्षात्मक प्रस्तुतीकरण गर्ने ।
- ➢ चालु आर्थिक वर्ष र प्रस्तावित आ.ब.को कार्यक्रम र बजेटको तुलनात्मक विश्लेषण गर्ने ।
- ➢ यस कार्यक्रम र बजेट सम्बन्धमा सदस्यज्यूहरुको थप राय/सुझाव भएमा ७ दिन भित्र पठाई दिने ।

ख. केही अनुसन्धान केन्द्रहरु तथा महाशाखा/शाखाहरुको समायोजन तथा नामाकरण गर्ने प्रस्ताव सम्बन्धमा छलफल हुँदा नयाँ दरबन्दी श्रृजना एवं परिषद्को आर्थिक व्ययभार नपर्ने गरी अनुसन्धानलाई अझ व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिलमा उल्लेखित विवरण बमोजिम गर्ने गरी निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | हालको व्यवस्था | मिलान पछि कायम हुने व्यवस्था |
|---|---|---|
| १. | कृषि अनुसन्धान केन्द्र, धनकुटा | राष्ट्रिय सून्तला जात अनुसन्धान कार्यक्रम, धनकुटा |
| २. | कृषि अनुसन्धान केन्द्र, हर्दिनाथ | राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ |
| ३. | धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ | |
| ४. | कृषि अनुसन्धान केन्द्र, काब्रे | पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे |
| ५. | पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे | |
| ६. | कृषि अनुसन्धान केन्द्र, गोदावरी | मत्स्य अनुसन्धान महाशाखा, गोदावरी |
| ७. | मत्स्य अनुसन्धान महाशाखा, गोदाबरी | |
| ८. | कृषि अनुसन्धान केन्द्र, रामपुर | राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, रामपुर |



ग. नेपाल कृषि अनुसन्धान परिषद्, मुख्य कार्यालय खुमलटार स्थित केही शाखा/इकाईहरुलाई बढी सक्षम एवं प्रभावकारी बनाउन थप जनशक्ति तथा आर्थिक व्यय भार नबढाउने गरी निम्नानुसार अपग्रेड गर्ने निर्णय गरियो ।

| सि.नं. | हालको शाखा/इकाई | अपग्रेड पछि कायम हुने महाशाखा |
|---|---|---|
| १. | योजना शाखा | योजना महाशाखा |
| २. | मूल्याकंन शाखा | मूल्याकंन तथा अनुगमन महाशाखा |
| ३. | छात्रबृत्ति इकाई | तालीम तथा छात्रबृत्ती महाशाखा |
| ४. | बायोमेट्रिक्स इकाई | स्टायाटटिक्स (तथ्याङ्क) महाशाखा |
| ५. | कम्प्युटर इकाई | |

- ➢ मुलुक भित्र कफि, चिया, उखु, जुट, अलैची, अदूवा तथा तेलबाली जस्ता औद्योगिक बालीहरुको विविध पक्षको अनुसन्धान गरी प्रविधि विकास गर्न व्यवसायिक बाली महाशाखा (Commercial Crops Division) खोलिने निर्णय गरियो ।

# परिषद्को चौधौं बैठक

मिति: २०५७०८।३०

अध्यक्ष: **माननीय कृषि मन्त्री, बलदेब शर्मा मजगैंया**

क. परिषद्को आर्थिक वर्ष ०५५।५६ को वार्षिक प्रतिवेदन प्रस्तुत गरियो । यस सम्बन्धमा निरन्तरता दिन सदस्यज्यूहरुबाट निर्देशन समेत भयो ।

ख. परिषद्को विनियमको परिच्छेद ९ उपविनियम ५९(१) मा व्यवस्था भए अनुरुप देहायका शर्तहरुको अधिनमा रहने गरी स्वेच्छिक अवकाशका शर्तहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- कर्मचारीले अनिवार्य अवकाश पाउन बांकी रहेको अवधिको निवृत्तभरण बापतको एक मुष्ठ रकम प्रदान गरिनेछ वा कर्मचारीले अनिवार्य अवकाश पाउन बाँकी सेवा अवधि थप र सो अवधिमा पाउन सक्ने भए ग्रेड रकम समेत थपी सो बापत हुने निवृत्तभरण रकम उपलब्ध गराउने ।
- कुनै निश्चित अवधिसम्म थप गर्नु पर्ने गरी कबुलियत गरेको कर्मचारीले त्यस्तो कबुलियतनामामा लेखिएको अवधि पुरा नगरी स्वेच्छिक अवकाशको लागि माग गर्न पाउने छैन ।
- स्वेच्छिक अवकाश लिन चाहने परिषद्का वैज्ञानिक तथा अन्य कर्मचारीहरुको उमेर क्रमश: ६० र ५८ वर्ष ननाध्ने गरी बढीमा ७ (सात वर्ष सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिने र निजलाई बढीमा ७ वर्षको निवृत्तिभरण रकम एक मुष्ठ उपलब्ध गराईने तथा यसरी एक मुष्ठ निवृत्तिभरण पाएको अवधि व्यतित भएपछि मात्र नियमित रुपमा निवृत्तिभरण पाउने छन् । तोकिएको अवधिमा वहालवाला कर्मचारीको



तलब वृद्धि भएमा त्यस्ता निवृत्त कर्मचारीले पनि निवृत्तिभरण पाउन बांकी वर्षको रकम एक मुष्ठ पाउनबाट वञ्चित हुने छैनन् ।

- विभागीय कार्यवाही भई रहेको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।
- स्वेच्छिक अवकाश स्वीकृत गर्ने वा नगर्ने संम्पूर्ण अधिकार कार्यकारी निर्देशकमा निहित रहनेछ ।
- अवकाशको लागि "कार्यकारी निर्देशकस्तर" बाट संख्या निर्धारण गरे बमोजिम हुनेछ ।
- स्वेच्छिक अवकाश प्राप्त कर्मचारीहरुको पद/तहमा नयाँ नियुक्ती गर्न नपाउने तर बढुवा गर्न सकिने ।

ग. परिषद्को नीति अनुरुप NARI/NASRI लाई Research Centre को रुपमा विकास गरी अनुसन्धानलाई अझ बढी प्रभावकारी रुपमा अघी बढाउन खुमल Complex लाई Research Centre बनाई त्यहाँ रहेका Management का इकाईहरु सञ्चालनार्थ वैकल्पिक व्यवस्थाको लागि कृषि आयोजना सेवा केन्द्रको भवन (रामशाह पथ, काठमाण्डौ) परिषद्ले लिनका लागि परिषद्ले आफ्नो श्रोतबाट रु. ९ कारोड ३५ लाखसम्म खर्च गरी कृषि मन्त्रालय मार्फत खरीद गरी परिषद्को केन्द्रीय कार्यालय स्थापना गर्न स्वीकृति दिने निर्णय गरियो ।

# परिषद्को पन्ध्रौं बैठक

मिति: २०५७।९।२६

**अध्यक्ष: माननीय कृषि मन्त्री, बलदेब शर्मा मजगैंया**

क. परिषद् अन्तर्गतका एस-४, एस २ तथा टि-६ पद/तहमा कार्यरत कर्मचारीहरुलाई पनि Vertical Promotion System मा समावेश गर्ने निर्णय गरियो ।

ख. विशेष सुबिधाको व्यवस्था गरी स्वेच्छिक अवकाश प्याकेज स्वीकृत गर्ने सम्बन्धमा विश्लेषणात्मक छलफल हुँदा हाललाई २० वर्ष स्थायी सेवा अवधि र ४५ वर्ष उमेर पुगेका स्थायी कर्मचारीहरुले स्वेच्छिक अवकाश लिन चाहेमा ७ वर्ष सेवा अवधि थप गरी ७ वर्ष एकमुष्ट पेन्सन पाउने गरी उल्लेखित शर्तहरुको अधिनमा रही स्वेच्छिक अवकाश लिन सक्ने गरी स्वीकृति प्रदान गरियो ।

- यो व्यवस्था DFID वा अन्य संस्थाले उपलब्ध गराएको Financial Fund को आधारमा मात्र गरिने छ ।
- कुनै निश्चित अवधिसम्म सेवा गर्नु पर्ने गरी कबुलियत गरेको कर्मचारीले त्यस्ता कबुलियतनाममा लेखिएको अवधि पुरा नगरी स्वेच्छिक अवकाशको लागि माग गर्न पाउने छैन ।
- विभागीय कार्यवाही भई रहेको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।
- यसरी अवकाश प्राप्त कर्मचारीहरुको पद/तह स्वत: खारेज हुने छ ।
- स्वेच्छिक अवकाशको निवेदन स्वीकृत गर्ने वा नगर्ने संम्पूर्ण अधिकार कार्यकारी निर्देशकमा निहित रहने छ ।

ग. परिषद् अन्तर्गतको सूर्तिबाली अनुसन्धान कार्यक्रम, बेलाचापीलाई कृषि अनुसन्धान केन्द्र, बेलाचापी नामाकरण गर्ने निर्णय गरियो ।



# परिषद्को सोह्रौं बैठक

मिति: २०५८।६।१९

**अध्यक्ष: माननीय कृषि मन्त्री, महेश आचार्य**

क. परिषद्को कृषि अनुसन्धान दुर दृष्टि २०७७ (NARC-VISION-2020) प्रस्ताव सम्बन्धमा छलफल हूदा एक पटक अन्तिम चरणमा सदस्यज्यूहरुको राय बमोजिम भाषागत सुधार र परिमार्जन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख. परिषद्को कर्मचारी प्रशासन विनियम (संशोधन सहितको) विनियम १९ट अनुसन्धानात्मक कृति मूल्यांकन व्याख्या प्रस्ताव सम्बन्धमा छलफल हुँदा विनियम १९ट खारेज गरी नया ब्यबस्था गरी संशोधन गर्ने क्रममा संशोधित व्यवस्था अर्न्तगत विनियम १९ट को सट्टा भन्ने वाक्याशं हुनु पर्नेमा विनियम १९(२) (जसको अर्थ नै लाग्दैन) प्रिन्ट गल्तिको कारणले हुन गई पदपूर्ति बढुवा कार्यवाही अघि बढाउन बाधा भएको, निकट भविष्यमा परिषद्का विनियमहरु मन्त्रालय (कृषि तथा सहकारी) को संयोजकत्वमा संशोधन हुने क्रममा रहेको र तत्काल समस्या समाधानको लागि विनियम १९ट मानी कार्य अघि बढाउने गरी परिषद्को विनियम परिच्छेद ६ विनियम २४ बमोजिम उपरोक्त व्याख्या गर्ने निर्णय गरियो ।

# परिषद्को सत्रौं बैठक

मितिः २०५८।९।९

**अध्यक्षः माननीय कृषि मन्त्री, महेश आचार्य**

क. परिषद्को कृषि अनुसन्धान दुर दृष्टि (२०७७ (NARC-VISION- 2020) प्रस्ताव सम्बन्धमा छलफल हुँदा एक पटक अन्तिम चरणमा सदस्यज्यूहरूको राय बमोजिम भाषागत सुधार र परिमार्जन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख. परिषद्को कर्मचारी प्रशासन विनियम (संशोधन सहितको) विनियम १९ट अनुसन्धनात्मक कृति मूल्यांकन व्याख्या प्रस्ताव सम्बन्धमा छलफल हुँदा विनियम १९ट खारेज गरी नयाँ व्यवस्था गरी संशोधन गर्ने क्रममा संशोधित व्यवस्था अन्तर्गत विनियम १९ट को सट्टा भन्ने वाक्याशं हुनु पर्नेमा विनियम १९(२) (जसको कूनै अर्थ नै लाग्दैन) प्रिण्ट गल्तिको कारणले हून गई पदपुर्ति बढुवा कार्यवाही अघि बढाउन बाधा भएको, निकट भविष्यमा परिषद्का विनियमहरू मन्त्रालय (कृषि तथा सहकारी) को संयोजकत्वमा संशोधन हुने क्रममा रहेको र तत्काल समस्या समाधानको लागि विनियम १९ट मानी कार्य अघि बढाउने गरी परिषद्को विनियम परिच्छेद ६ विनियम २४ बमोजिम उपरोक्त व्याख्या गर्ने निर्णय गरियो ।

ग. परिषद्को ऐन २०४८ (संशोधन सहित) को दफा ६(झ) मा भएको प्रावधान बमोजिम श्री ५ को सरकारद्वारा मनोनित सदस्य डा. सून्दर कूमार श्रेष्ठको २ वर्ष अवधि पुरा भै सकेकोले श्री ५ को सरकारको निर्णयानूसार निजको ठाउंमा परिषद्का वरिष्ठ वैज्ञानिक एस ४ पद/तहका डा. समुद्रलाल जोशीलाई नियुक्त गरिएको जानकारी गरियो । साथै परिषद्को पदपुर्ति समितिमा समेत नवनियुक्त परिषद्का सदस्य डा. समुद्रलाल जोशीलाई परिषद्का सदस्यबाट पदपुर्ति समितिको सदस्यमा तोक्ने निर्णय गरियो ।



# परिषद्को अठारौं बैठक

मितिः २०५८।१०।२३

**अध्यक्षः माननीय कृषि मन्त्री, महेश आचार्य**

क. यसैसाथ संलग्न परिषद्को बीस वर्षे अवधारणा २०५८ स्वीकृति गर्ने निर्णय गरियो ।

ख. परिषद्का कार्यरत कर्मचारीहरुको अनिवार्य अवकाश सम्बन्धमा क.प्र. विनियम २०४९ को विनियम ५८(१) मा भएको व्यवस्था अनुसार उमेरको हद सम्बन्धमा उमेर किटान भएको शैक्षिक योग्यता, चारित्रिक प्रमाण पत्र वा नागरिकताको प्रमाण पत्र वा सेवा प्रवेश गर्दा कर्मचारी आफैले भरेको वैयक्तिक विवरण फाराम (सिटरोल) मध्ये जुन जन्म मिति कायम गर्दा पहिले अवकाश पाउछ, त्यसैको आधारमा कार्यरत कर्मचारीहरुलाई अनिवार्य अवकाश दिने निर्णय गरियो ।

# परिषद्को उन्नाइसौं बैठक

मिति: २०५९।४।१९

अध्यक्ष: **सम्माननीय प्रधानमन्त्री एवं कृषि तथा सहकारी मन्त्री, शेर बहादूर देउवा**

क. परिषद्को आर्थिक वर्ष ०५९।६० को लागि यसैसाथ संलग्न विवरण बमोजिम रु. २९ करोड ७७ लाख ८० हजार बजेट र ४०७ आयोजना (कार्यक्रम) स्वीकृत गर्ने निर्णय गरियो । साथै तलब भत्ताको लागि नपुग रकम १ करोड ५४ लाख ५९ हजार अर्थ मन्त्रालयसँग माग गर्ने जानकारी गराईयो ।

यस सन्दर्भमा प्रधानमन्त्री एवं अध्यक्षज्यूबाट कृषि अनुसन्धानबाट आयात प्रतिस्थापन, आकाशे पानीको भरमा खेती गरिने प्रविधिको विकास र कृषि उत्पादनमा देशलाई आत्मनिर्भर गराउने तर्फ विशेष कदम चाल्न निर्देशन दिईयो ।



# परिषद्को विसौं बैठक

मिति: २०५९।९।३०

अध्यक्ष: **उपप्रधानमन्त्री एवं कृषि सहकारी मन्त्री, बद्रि प्रसाद मण्डल**

क. अनुसन्धान प्रस्तावना तथा अनुसन्धान प्रोत्साहन सम्बन्धी प्रस्ताव सम्बन्धमा छलफल एवं समीक्षा हुँदा यस्तै प्रकृतिको Incentive Package विज्ञान तथा प्रविधि मन्त्रालयमा तयार पारिएको हुँदा सोको अध्ययन एवं परिषद्मा पनि अझ प्रभावकारी ढंगबाट यस किसिमको नीति कार्यान्वयन भएमा कार्यरत जनशक्तिको मनोवल उच्च हुन्छ हुँदैन र यसबाट अन्य संघ संस्थामा के कस्तो प्रभाव एवं असरहरु पर्न सक्दछ सोको समेत विस्तृत अध्ययन गरी कार्यक्रमलाई अगाडी बढाउँदै परिषद् व्यवस्थापनले प्रतिवेदन पेश गर्ने ।

ख. श्री ५ को सरकारको आर्थिक सुधार नीति अन्तर्गत रही परिषद्को संगठनात्मक संरचना एवं आगामी वर्षहरुमा आवश्यक पर्ने वैज्ञानिक/प्राविधिक एवं अन्य सहायक स्तरका जनशक्तिहरुको विस्तृत पुनरावलोकन गरी अनावश्यक दरबन्दीहरुको खारेजी/कटौती गरी प्रतिवेदन पेश गर्न परिषद्का वैज्ञानिक प्रतिनिधी सदस्य डा. केशब चन्द्र शर्माज्यूको अध्यक्षतामा देहाए बमोजिम एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

**कार्यदलको स्वरुप**

- डा. केशब चन्द्र शर्मा — संयोजक
- वैज्ञानिक प्रतिनिधि सदस्य, ने.कृ.अ.परिषद् सहसचिब, (प्रशासन), कृषि तथा सहकारी मन्त्रालय — सदस्य
- प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य
- निर्देशक, प्रशासन, ने.कृ.अ.परिषद् — सदस्यसचिब

ग. बैठकको अन्तमा परिषद्का अध्यक्षज्यूबाट परिषद्को अनुसन्धानात्मक क्रियाकलाप एवं पद्धति बारे विविध विषयमा निम्नानुसार निर्देशनहरु दिईयो ।

- परिषद्बाट संचालित अनुसन्धानात्मक नतिजाको Package of Technology ग्रामीण एवं गरिब किसानसम्म समयमै पुर्‍याउन विशेष पहल गर्ने ।
- साना किसानका लागि तरकारी, फलफुल लगायतका कृषि जन्य बस्तुहरुको बीउ उत्पादन गरी कृषकको घर दैलोमा उपलब्ध गराउन आवश्यक पहल हुनु पर्ने ।
- माटोको उर्वरा शक्ति एवं माटो परीक्षण कार्यको लागि परिषद्ले विशेष भूमिका निर्वाह गरी रासायनिक मल प्रयोगबाट किसानलाई छुटकारा दिलाउन परिषद्ले विशेष अनुसन्धान गर्नु पर्ने ।
- दलहन, तेलहन लगायतका खेतिहरु पूर्वी र पश्चिम नेपालबाट लोप हुँदै गएको परिप्रेक्षमा परिषद्ले यस बारे पनि ध्यान दिनु पर्ने ।
- वैज्ञानिक वातावरण एवं वैज्ञानिकहरुको मनोवल उच्च र मर्यादित राख्न प्रोत्साहन प्रणालीलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।



# परिषद्को एक्काइसौं बैठक

मिति: २०६०।१।२३

**अध्यक्ष: उपप्रधानमन्त्री एवं कृषि तथा सहकारी मन्त्री, बद्रि प्रसाद मण्डल**

क. परिषद् अर्न्तगतका सञ्चालन गरिने सहभागितात्मक तथा प्रतिस्पर्धात्मक अनुसन्धानलाई प्रभावकारी एवं नतिजामुखी बनाउन मिति ०५९ पौष ३० गते बसेको यस वैठकको सुझाब अनुसार परिमार्जन गरी तयार पारिएको कार्यविधि सम्बन्धमा छलफल हुदा सदस्यज्यूहरुबाट दिइएको राय/सुझावहरुलाई समेत यस कार्यविधिमा समावेश गरी यस कार्यविधिलाई अनूमोदन गर्ने निर्णय गरियो ।

ख. परिषद् अर्न्तगतको राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान (NARI) र राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान (NASRI) अर्न्तगत बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षण संस्था र विश्वविद्यालयहरुसंग समन्वय राखी कृषि अनुसन्धान कार्यक्रमहरुलाई नतिजामूखी एवं प्रभावकारी बनाउन र आवश्यक जनशक्तिको विकास गर्ने नीति लिई कार्यक्रम चलाउने निर्णय भयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयसंग अनुबन्धन गरी अनुसन्धान कार्यक्रमको उच्च अध्ययन (M.Sc./Ph.D.) तथा तालीम समेत सञ्चालन गरी अनुसन्धान मूलक उच्च जनशक्तिको विकास गर्ने ।

ग. बैठकको अन्त्यमा परिषद्का अध्यक्षज्यूबाट देहाए बमोजिम निर्देशनहरु दिइयो ।

- परिषद्बाट भए गरेका अनुसन्धनात्मक क्रियाकलापको उल्लेखनीय उपलब्धि र आगामी कार्यक्रम बारे बैठकमा जानकारी गराउने ।
- त्यसै गरी कृषि क्षेत्रमा आएका समस्या र समाधान तर्फ परिषद्ले के कस्तो अनुसन्धानात्मक प्रविधिहरुको विकास गरेको छ ? वा गर्नु पर्छ ? सो को विवरण समेत समय समयमा जानकारी गराउने ।

# परिषद्को बाइसौं बैठक

मिति: २०६०।२।९

अध्यक्ष: **उपप्रधानमन्त्री एवं कृषि तथा सहकारी मन्त्री, बद्रि प्रसाद मण्डल**

क. परिषद्को मिति २०५९।९।३० गते बसेको २०औं बैठकको निर्णयानुसार श्री ५ को सरकारको आर्थिक सुधार कार्यक्रम २०५९ अन्तर्गत रही परिषद्को संगठनात्मक संरचना एवं जनशक्तिहरुको विस्तृत पुनरावलोकन गरी कटौती गर्न सकिने जति दरबन्दीहरु खारेजी/कटौती तथा मिलान गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले मौजुदा कूल दरबन्दी २०१८ (दुई हजार अठार) मा १६२ विभिन्न पद/तह संख्या कटौती गरी बांकी रहन गएको कुल दरबन्दी १८५६ बमोजिमको "नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक संरचना एवं जनशक्तिहरुको पुनरावलोकन तथा दरबन्दीहरुको खारेजी, कटौती र मिलान प्रतिबेदन २०६०" कार्यदलले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

परिषद्को संगठनात्मक संरचना तर्फ:

- विद्यमान क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, भैरहवालाई खारेज गरी राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमलाई स्वतन्त्र रुपमा काम गर्न दिने र सो कृ.अ.केन्द्रमा अधिकांश वैज्ञानिक, प्राविधिक जनशक्तिलाई गहुँबाली कार्यक्रममा मिलान गर्ने र बाँकी जनशक्तिलाई परिषद् अन्तर्गतका अन्य आवश्यक कार्यालयहरुमा मिलान गर्ने प्रस्ताव गरिएको छ ।
- भौगोलिक उपादेयता, भौतिक पूर्वाधार तथा पर्याप्त जनशक्ति भएको कारण कृषि अनुसन्धान केन्द्र, लुम्लेलाई क्षेत्रीय कृषि अनुसन्धान केन्द्रको रुपमा स्थापना गर्ने र कृषि अनुसन्धान केन्द्र, पाखीबासलाई भविष्यमा क्षेत्रीय कृषि अनुसन्धान केन्द्रको रुपमा परिणत गर्ने प्रस्ताव गरिएको छ ।
- "परिषद्" को विभिन्न मितिको निर्णयानुसार श्रृजना भएका वायोटेक्नोलोजी इकाई, कृषि वातावरण अनुसन्धान इकाई, पोष्ट हार्भेष्ट अनुसन्धान इकाई, डेरी इकाई, व्यवसायिक बाली महाशाखा, मूल्यांकन तथा अनुगमन महाशाखा, तालिम तथा छात्रवृत्ति महाशाखा, तथ्यांक तथा कम्प्युटर महाशाखा जस्ता कार्यालयहरुको लागि हालसम्म जनशक्तिहरु स्वीकृत नभएको अवस्थालाई मध्यनजर गरी पवरषद्कै बिद्यमान स्वीकृत दरबन्दीमा नबढने गरी उल्लेखित इकाई/महाशाखामा स्थायी रुपमा दरबन्दी श्रृजना गर्न उपयुक्त देखिएको हुँदा प्रस्ताव गरिएको छ ।

मिति २०६०।१।२३ गते बसेको २१ औं बैठकमा प्रस्तुत प्रतिवेदन उपर सदस्यज्यूहरुबाट आवश्यक अध्ययन भई देहाय बमोजिम जिज्ञासा राखिएकोमा परिषद्का कार्यकारी निर्देशकबाट परिषद्को NARC Vision २०२१ अन्तरगतको Vision Implementation Plan को कार्य प्रारम्भ भई रहेकोले यी बुँदाहरुलाई समेत आवश्यकता अनुसार समयानुकूल समाहित गर्दै लैजाने ।

- Vision Implementation Plan कार्यान्वयन सम्बन्धमा ।
- प्रतिवेदनले Long Term Vision लाई कतिको Support गर्दछ ।
- Inter Sectoral Manapower Allocation कस्तो किसिमले मिलान गरिएको छ ।

ख. नेपाल कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम २०४९ को विनियम १९(ङ) मा बढूवाका लागि सम्भाव्य उम्मेदवार हून आवश्यक न्यूनतम सेवा अवधि र सोही विनियमको १९(छ)(११) मा भएको कार्य सम्पादन मूल्याकंनको औषत निकाल्ने व्यवस्थामा समान्जस्यता नभएकोले कर्मचारी प्रशासन विनियमको १९(ङ) बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको

न्यूनतम सेवा अवधि आवश्यक पर्ने हो पछिल्ला त्यति नै वर्षहरुको कार्य सम्पादन मूल्याकंनको औषत निकाल्ने गरी NARC (कर्मचारी प्रशासन) विनियम २०४९ को विनियम ३ र परिषद्को कार्य सञ्चालन विनियम २०४९, परिच्छेद ६ विनियम २४ बमोजिम व्याख्या गर्ने निर्णय गरियो ।

ग. बैठकको अन्तमा माननीय उपप्रधानमन्त्री तथा कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूबाट तपसिल बमोजिम निर्देशन भयो ।

- परिषद्बाट अनुसन्धान गरि तयार पारिएका Package of Technology लाई कृषि मन्त्रालय/विभाग मार्फत समयमै किसान समक्ष जतिसक्दो चाँडो पुर्‍याउन सम्बन्धित सबै निकायहरुलाई निर्देशन दिइयो ।
- बासमती धानबालीको साथ साथै आय आर्जनमा योगदान दिने नगदेबालीहरुको पनि उत्पादन गर्न सकिने खालको प्रविधिको विकास गरी किसानहरुलाई उपलब्ध गराउने ।
- परिषद् अन्तरगतका विभिन्न अनुसन्धान केन्द्रहरुले गरेका कार्य प्रगति लगायत विभिन्न किसिमका कार्यक्रमको परिषद्का माननीय सदस्यज्यूहरुलाई कार्यकारी निर्देशकले एउटा कार्यक्रम बनाई निरीक्षण भ्रमण गराउने भन्ने निर्देशन माननीय अध्यक्षज्यूबाट भयो । यस सम्बन्धमा कार्यकारी निर्देशकबाट अध्यक्षज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरुलाई स्थलगत निरीक्षणको कार्यक्रम बनाई पेश गरे अनुसार निरीक्षण गरी दिनु हुन अनुरोध गरियो ।



# परिषद्को तेइसौं बैठक

मिति: २०६०।४।९

अध्यक्ष: **सम्माननीय प्रधानमन्त्री एवं कृषि तथा सहारी मन्त्री, सूर्य बहादुर थापा**

क. नेपाल कृषि अनुसन्धान परिषद् क.प्र. विनियम २०४९ को विनियमको ४९ को उपविनियम ४ पछि उपविनियम ५ थप गरिएको छ ।

**उपविनियम ५**

माथि जुनसुकै कुरा उल्लेख भएतापनि उपविनियम ४ को कुल अवधि ननाघ्ने गरी देहायको अवस्थामा देहाय बमोजिम गर्न सकिने छ ।

- २ वर्षको सेवा अवधि पूरा गरेका परिषद्को स्थायी कर्मचारीले परिषद्को स्वीकृति लिई निजी प्रयासमा परिषद्लाई आवश्यक भएको विषयमा उच्च अध्ययन गर्न चाहेमा निजलाई अध्ययन बिदा दिन सकिने छ ।
- एक तहको अध्ययन गर्न गएका स्थायी कर्मचारीहरुले सो अध्ययन पूरा गरी परिषद्मा फर्की नआई निजी प्रयासमा सो भन्दा माथिल्लो तहको अध्ययन गर्ने स्थायी कर्मचारीले परिषद्को स्वीकृति लिनू पर्नेछ । सो अनूसार परिषद्को स्वीकृति पाएका कर्मचारीलाई अध्ययन बिदाको स्वीकृति दिन सकिने छ ।
- उपविनियम ५ को खण्ड (क) र (ख) बमोजिम बिदा पाउने कर्मचारीले उक्त अवधिको तलब भत्ता पारिश्रमिक पाउने छैन । यसरी अध्ययन गर्ने कर्मचारीले अध्ययन पश्चात जति अवधिको बिदा लिएको हो त्यति नै अवधि परिषद्मा अनिवार्य सेवा गर्नु पर्नेछ ।
- यस अघि अध्ययनमा गई फर्की परिषद्मा काम गर्ने गरी हाजिर हुन आउने कर्मचारीहरुको हकमा त्यस्ता कर्मचारी

परिषद्मा आवश्यक भएमा मात्र निजलाई यसै उपविनियम अनुसार बिदा दिन सकिने छ ।

ख. बैठकको अन्तमा सम्माननीय प्रधानमन्त्री एवं परिषद्का अध्यक्षज्यूबाट कृषि अनुसन्धानको क्षेत्रमा अझ बढी प्रभावकारी एवं व्यवस्थित तवरबाट कार्यक्रमहरु सञ्चालन गर्न निर्देशन दिदै सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।



# परिषद्को चौबिसौं बैठक

मिति: २०६०।६।१४

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, डा.प्रकाश चन्द्र लोहनी**

क. नेपाल कृषि अनुसन्धान परिषद् अन्तरगत कृषि अनुसन्धान केन्द्र, पाख्रिबासलाई उक्त केन्द्रमा भएका भौतिक तथा अन्य पूर्वाधारहरुको अधिकतम उपयोग गर्ने गरी “राष्ट्रिय व्यवसायिक कृषि अनुसन्धान कार्यक्रम” सञ्चालन गर्न सैद्धान्तिक सहमति भयो । सो को लागि Business Plan बनाई परिषद्को अर्को बैठक पेश गर्ने निर्णय भयो ।

ख. कृषक बर्ग र वैज्ञानिक तथा प्राविधिज्ञहरुको अधिकतम आपसी अन्तरक्रिया भई भईरहने खालको स्थलगत रुपमा सहभागीमूलक प्रविधि विकास तथा हस्तान्तरण कार्यक्रमलाई (On-Farm Participatory Technology Development & Transfer) निरन्तरता दिदै यसलाई अझ बढी सशक्त प्रभावकारी बनाउन (कृषक वैज्ञानिक) कार्यक्रम किसानको समस्यासँग सम्बन्धित हुने किसिमको अनुसन्धान कार्यक्रम बनाई प्रभावकारी रुपमा लागू गर्ने निर्णय गरियो ।

ग. मत्स्य अनुसन्धान केन्द्र, त्रिशुलीमा हाल उत्पादन भई रहेको रेन्बो ट्राउट (Rainbow Trout) को उत्पादन कार्यक्रमलाई मौजूदा पूर्वाधारमा मर्मत तथा सुधार गरी हालको प्रति वर्ष ४ मे.टन. बाट १० मे.टन सम्म क्रमिक रुपमा उत्पादन बढाउदै लैजाने किसिमको “दोहोरो मार्ग व्यवस्थापन प्रणाली” (Double Track System) कृषि तथा सहकारी मन्त्रालयले निर्दिष्ट गरेको नीतिको आधारमा कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

# परिषद्को पच्चिसौं बैठक

मितिः २०६१।१।१७

**अध्यक्षः माननीय कृषि तथा सहकारी मन्त्री, डा.प्रकाश चन्द्र लोहनी**

क. श्री ५ को सरकारको १०औं पञ्च वर्षीय योजनाको गरिबी निवारण गर्ने राष्ट्रिय उद्देश्यलाई आबद्ध गरी कृषकको जीवन स्तर उकास्न कृषि विकासमा टेवा पुर्‍याउन कृषि अनुसन्धानको नयाँ रणनीति (Strategic Plan with Log Frame) प्रस्तुत गरी परिषद्लाई जानकारी गराईयो । यसबारे परिषद्मा विस्तृत छलफल पश्चात् प्रभावकारी कार्यान्वयन योजना तयार गर्न निर्देशन भयो ।

ख. परिषद्को निर्देशक योजना तथा समन्वय अन्तरगत “समाजिक आर्थिक तथा कृषि अनुसन्धान नीति महाशाखा” स्थापना गर्ने निर्णय गरियो । सो महाशाखाका लागि आवश्यक जनशक्ती हाल परिषद्मा मौज़ुदा Socio-Economic उपसमूहका वैज्ञानिक तथा प्राविधिक दरबन्दीहरुबाट पुर्ति गर्ने निर्णय गरियो ।

ग. अध्यक्षज्यूबाट निम्नानूसारको निर्देशन भयो ।

- परिषद्को नयां रणनीतिक योजना लागू गर्न आवश्यक प्रक्रिया र कार्य सञ्चालन विधि (Mechanism) बनाउने ।
- कृषि वैज्ञानिकहरुले विकास गरेका प्रविधिहरु कृषकहरुले ग्रहण गरेको आधारमा वैज्ञानिकहरुलाई के कति कसरी प्रोत्साहन दिन सकिन्छ ? सोको कार्यविधि तयार गरी पेश गर्ने ।



# परिषद्को छब्बिसौं बैठक

मितिः २०६१।४।१८

**अध्यक्षः माननीय कृषि तथा सहकारी मन्त्री, होम नाथ दहाल**

क. नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ र सो ऐन अन्तर्गत बनेको नेपाल कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम २०४९ का कतिपय अस्पष्ट तथा अन्योलपुर्ण कानूनी प्रावधानले गर्दा नेपाल कृषि अनुसन्धान परिषद्लाई सशक्त ढंगले सञ्चालन गर्न कठिनाई पर्न आएकोले उक्त ऐन र विनियमलाई परिस्कृत परिमार्जन एवं संशोधन गरी समसामयिक बनाउनु पर्ने भएकोले कानून विशेषज्ञहरु समेत संलग्न भएको एक मस्यौदा उपसमिति गठन गर्ने ।

# परिषद्को सत्ताइसौं बैठक

मिति: २०६१।४।३२
**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, होम नाथ दहाल**
प्रस्तुत कार्यक्रम बजेटमा समक्षा तथा छलफल हुँदा परिषद्का माननीय अध्यक्षज्यू, सदस्यज्यूहरु तथा आमन्त्रित महानुभावहरुबाट निम्नानुसारका सुझाव तथा जिज्ञासाहरु प्राप्त भए ।

- भए गरेका उपलब्धीहरु खासगरी प्रविधि विकासको कुरा गर्दा उक्त प्रविधिले के कति कसरी योगदान पुऱ्याएको छ ? पुऱ्याउन सक्छ ? भन्ने तर्फ पनि स्पष्ट आँकडा आउनु पर्ने ।
- विकास गरिएका प्रविधिहरुको अनुसरण (Adoption) कम मात्रामा भई रहेकोमा कसरी सुधार गर्ने ।
- अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउँदै लैजानु पर्ने तर्फ विशेष जोड दिनु पर्ने ।
- क्षेत्रीय र केन्द्रीय स्तरको समीक्षा परिषद् र विभागहरु (कृषि विभाग, पशु सेवा विभाग) ले संयुक्त रुपमा गर्न सके अझ प्रभावकारी हुन सक्ने ।
- क्षेत्रगत (Sector Wise) बजेट बाँडफाँडमा बाली (Crop) मा मात्रै बढी लगानी देखिएको ।
- कूनै पनि कार्यक्रम बनाउँदा अहिलेको स्थिति के छ ? प्रस्तावित कार्यक्रमले कति सम्मको लक्ष राखेको छ ? स्पष्ट हुनु पर्ने ।
- बजेटको ठूलो अंश कर्मचारी तलब, कार्यालय सञ्चालन र व्यवस्थापन खर्चले ओगटेकोले आउँदा वर्षमा जे जति बजेट बढाउन सकिन्छ ? बजेट सम्पूर्ण कार्यक्रम सञ्चालनमा मात्र लाग्ने हुँदा सकारात्मक प्रभाव पर्न जाने ।



# परिषद्को अठ्ठाइसौं बैठक

मिति: २०६१।६।२१
**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, होम नाथ दहाल**

क. राष्ट्रिय योजना आयोगका माननीय सदस्य एवं परिषद्का सदस्य डा. श्री हरि कृष्ण उपाध्यायज्यूले डि.एफ.आई.डि.को आर्थिक सहयोगमा कृषि अनुसन्धानको प्रभाव (Impact Assessment) बारे अध्ययन गराउने सम्बन्धमा भैरहेको प्रगति बारे सदस्यहरुलाई जानकारी गराउँनु भयो । कृषि अनुसन्धानको प्रभाव बारे गराईने अध्ययनको Review का लागि एउटा विधिवत Steering Committee गठन गर्न कृषि तथा सहकारी मन्त्रालयलाई पत्र पठाउन माननीय सदस्य डा. हरिकृष्ण उपाध्यायज्यूले व्यवस्थापनलाई निर्देशन दिनू भयो । माननीय सदस्य डा.श्री हरिकृष्ण उपाध्यायज्यूले अनुसन्धानको प्रभाव बारे अध्ययन गराउन गरेको प्रयासको सराहना गर्दै माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूले धन्यवाद दिनु भयो ।

ख. विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव एवं परिषद्को सञ्चालक समितिका सदस्य डा.स्वयम्भु मान अमात्यज्यूले परिषद्का सञ्चालकहरुलाई नेपाल कृषि अनुसन्धान परिषद्बारे जानकारी (Briefing) गराउने कार्यक्रम राख्न प्रस्ताव राखेकोमा सर्वसम्मतिले व्यवस्थापनलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन भयो ।

ग. माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्ष श्री होमनाथ दाहालज्यूले परिषद्को ऐन विनियमले राम्रो निर्देशन दिन नसकेको हुँदा यसलाई सुधार्नु नितान्त

आवश्यक भएको औंल्याउनुका साथै परिषद्को प्रशासन तथा आर्थिक प्रशासनलाई बढी प्रभावकारी बनाउन प्रयास हुनु पर्ने निर्देशन भयो । अन्तमा वहाँले परिषद्को बैठकमा प्रस्ताव पेश गर्दा पृष्ठभूमी सहित पेश गर्न व्यवस्थापनलाई निर्देशन दिनु भयो ।



# परिषद्को उनन्तीसौं बैठक

**मिति:** २०६१।७।२०

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, होम नाथ दहाल**

क. परिषद्को मिति २०६१।६।२१ को २८औं बैठकको निर्णयानुसार गठित दरबन्दी संगठनात्मक सुधार सुझाब समितिको कार्य सम्पन्न गर्न म्याद थप गर्न अनुरोध भई आएकोमा म्याद थप गर्न हाल परिषद्को बैठकमा आवश्यक गण पूरक संख्या अपुग भएको र म्याद थप अतिआवश्यक भएकोले परिषद्को अर्को बैठकबाट अनुमोदन गराउने गरी म्याद समाप्त भएको मितिले एक महिना थप गर्ने निर्णय भयो ।

# परिषद्को तिसौं बैठक

मिति: २०६१।९।२३

अध्यक्ष: **माननीय कृषि तथा सहकारी मन्त्री, होम नाथ दहाल**

क. परिषद्को मिति २०६१।६।२१ गते बसेको २८औं बैठकको निर्णयानुसार गठित जनशक्ति तथा संगठनात्मक सुधार गरी अझ बढी सशक्त बनाउन गठित समितिको कार्य अवधि म्याद समाप्त भएको मितिले अन्तिम पटक एक महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

ख. बैठकको अन्तमा अध्यक्षज्यूबाट देहाय बमोजिम निर्देशन दिईयो ।

- एक गाउँ एक उत्पादन (One Village One Product) (OVOP) को नीतिलाई अंगिकार गरी कृषि क्षेत्रको विकास हुनु पर्ने तर्क सबैको ध्यान आकृष्ट हुन निर्देशन दिईयो ।
- परिषद्ले कृषि अनुसन्धानको क्रममा ल्याएका Package of Technology, सूचनाहरुलाई लक्षित समूह एवं कृषकस्तरसम्म पुऱ्याउन निर्देशन दिईयो ।



# परिषद्को एकतीसौं बैठक

मिति: २०६२।४।२८

अध्यक्ष: **माननीय कृषि तथा सहकारी मन्त्री, बद्रि प्रसाद मण्डल**

विविध (१)

परिषद् र अन्तर्गतका विभिन्न कार्यालयहरुमा लामो समयसम्म सेवा गरी, सेवा निवृत्त भएका कर्मचारीहरुलाई नियमानुसार निजलाई नजिक पर्ने परिषद् र अन्तर्गतका कार्यालयहरुबाट निवृत्तिभरण भुक्तानी दिई केन्द्रिय कार्यालयबाट सोधभर्ना उपलब्ध गराउँदै आएकोमा निवृत्त कर्मचारीहरुको संख्या क्रमश: वृद्धि हुँदै गएको र निवृत्त कर्मचारीहरुलाई निवृत्तिभरण रकम लिन कार्यालयमा नै आउँनु पर्ने भएबाट समस्या भएको हूदा अधिराज्यभर नै शाखा कार्यालय भएको राष्ट्रिय बाणिज्य बैंक मार्फत निवृत्तिभरण रकम उपलब्ध गराउने प्रस्ताव उपर विस्तृत छलफल हुँदा राष्ट्रिय बाणिज्य बैंक मार्फत उक्त बैंकलाई श्री ५ को सरकारले उपलब्ध गराए सरह सेवा शूल्क तिर्ने गरी परिषद्बाट निवृत्तिभरण कर्मचारीहरुलाई पायक पर्ने उक्त बैंकको शाखा/उपशाखाबाट निवृत्तिभरण रकम उपलब्ध गराउने निर्णय भयो । साथै यसको जानकारी “परिषद्” लाई समेत गराउने भन्ने मिति २०६२।४।२६ गते बसेको कार्यकारी समितिको ११६औं बैठकले निर्णय गरेकोले सोको जानकारी श्री कृषि तथा सहकारी मन्त्रालयमा समेत गराउने गरी जानकारी गरियो ।

क. श्री ५ को सरकारले बजेट विनियोजन गर्नुभन्दा अगाडी कार्यक्रम बजेट सम्बन्धमा छलफल गर्न परिषद्को बैठक बस्नु पर्ने, जसले गर्दा कृषि अनुसन्धानको लागि आवश्यक बजेटको निम्ति पहल गर्न सकिने ।

ख. प्रविधि विकास र विस्तारमा ने.कृ.अ.परिषद्, कृषि विभाग र पशु सेवा विभाग बिचको संम्बन्धलाई सुदृढ बनाउने तर्फ आवश्यक पाईला चाल्नु पर्ने ।

ग ने.कृ.अ.परिषद् जस्तो भौतिक (Physical Infrastructure) र मानवीय (Human Resource) पूर्वाधारले संपन्न संस्थालाई

कसरी अघि बढाउने भन्ने तर्फ श्री ५ को सरकारको स्पष्ट धारणा हुनु पर्ने ।

घ. ने.कृ.अ.परिषद्लाई आत्म निर्भर बनाउँदै लान दातृ संस्था लगायत स्वदेशी तथा बिदेशी संस्थाहरुसँग सहभागितात्मक तथा प्रतिस्पर्धात्मक रुपले काम गर्ने वातावरण श्रृजना गर्न बढावा दिनू पर्ने ।

ङ. कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका सबै विभागहरुको बजेट गत आ.व. को तूलनामा एक सय बाह्र प्रतिशतसम्म बढेको अवस्थामा ने.कृ.अ.परिषद्को बजेट मात्र ५.२ प्रतिशतले बढ्न गएकोमा परिषद्का अधिकांश सदस्यज्यूहरुबाट आश्चर्य प्रकट भएको र त्यस विषयमा माननीय मन्त्री तथा परिषद्को अध्यक्षज्यूबाट आगामी आ.व. देखि कार्यक्रम तथा बजेटमा कृषि अनुसन्धान तर्फ प्राथमिकता हुनु पर्ने



# परिषद्को बत्तीसौं बैठक

**मितिः** २०६२।११।२३

**अध्यक्षः माननीय कृषि तथा सहकारी मन्त्री, केशर बहादूर बिष्ट**

क. अक्षय कोष स्थापना गरी त्यसबाट आर्जित ब्याजबाट उकृष्ट वैज्ञानिकहरुलाई कदर गर्ने प्रस्ताव माथी छलफल हुँदा अक्षय कोष स्थापना गर्ने प्रस्ताव सराहनीय कार्य भएकोले सो परिषद्मा स्थापना गर्ने बारेमा सैद्धान्तिक सहमति भयो । व्यक्ति विशेषको नामबाट वैज्ञानिकहरुलाई कदर गर्ने सिलसिलामा प्रदान गर्ने रकम न्यूनतम कति हुनु पर्ने ? अक्षय कोषमा जम्मा भएको रकमलाई पारदर्शी रुपमा कसरी परिचालन गर्ने हो ? पुरस्कारको लागि उकृष्ट वैज्ञानिक छनौट प्रक्रियाको विस्तृत विवरण सहित आगामी बैठकमा पेश गर्ने । परिषद् अन्तर्गत अक्षय कोष स्थापना गर्न परिषद्को विधानमा उल्लेख भएको छ छैन ? छैन भने सो सम्बन्धमा आवश्यक कार्यवाहीका लागि समेत आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख. व्यवसायीक बाली अनुसन्धान कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गरी सम्बन्धित व्यवसायलाई टेवा पुर्‍याउने उद्देश्यले “राष्ट्रिय व्यवसायीक बाली अनुसन्धान कार्यक्रम” को स्थापना कृषि अनुसन्धान केन्द्र, पाखीबासमा गर्ने र सो कार्यक्रम सञ्चालनका लागि त्यहाँको जनशक्ती तथा भौतिक पूर्वाधार प्रयोग गर्ने भन्ने प्रस्ताव बारे अवगत भयो । व्यवसायिक बाली अनुसन्धान महाशाखा र कृषि अनुसन्धान केन्द्र, पाखीबासले के के काम गरी आएको हो ? र प्रस्तावित राष्ट्रिय व्यवसायीक बाली अनुसन्धान कार्यक्रमले के के काम गर्ने हो ? प्रष्ट औचित्यता सहित आगामी बैठकमा पेश गर्ने ।

ग. अन्तमा परिषद्का अध्यक्ष एवं माननीय कृषि तथा सहकारी मन्त्रीज्यूले निम्नानुसारको निर्देशन दिनु भयो ।

- नेपाल कृषि अनुसन्धान परिषद्ले आउने वर्ष देखि नयाँ दृष्टिकोण तथा प्रभावकारी कार्यक्रम साथ कृषकको उत्पादन तथा आय बृद्धि गर्ने कार्यक्रमलाई बढि प्राथमिकताका साथ पहल गर्नु पर्ने । पहाडका कृषकहरुको लागि अब आउने दिनमा Cold Water Fish प्रविधिको विकास तथा तालीम गरी उपलब्ध गराउनु पर्ने आवश्यक छ । त्यसको लागि प्रविधि विकास गरी उपलब्ध गराउनु पर्ने ।
- RCT (Resource Conservation Technology) जस्तो उत्कृष्ट प्रविधिलाई ठूलो क्षेत्रमा प्रयोग गरी कृषि उत्पादन तथा आय वृद्धिमा असर देखिने गरी सम्बन्धित निकायको समन्वयमा कार्यक्रम तुरुन्त लागू गर्ने ।
- स्थान विशेषको बस्तुबाट खाद्य सुरक्षा गर्ने सिद्धान्तमा कार्यक्रमहरुको थालनी गर्ने ।
- जुम्ला तथा अन्य विकट क्षेत्रकोलागि उपयुक्त बालीहरु जस्तै: आलु, फापर, जौ, तरकारी बाली आदिमा उत्कृष्ट प्रविधिको विकास गरी खाद्य सुरक्षा तथा आय वृद्धि गर्न कार्यक्रमहरुको थालनी गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद्को क्षमता वृद्धि तथा उत्कृष्ट अनुसन्धान गर्न उपयुक्त वातावरण श्रृजनाका लागि “परिषद्” लाई आवश्यक निर्देशन तथा सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो र साथै आउने परिषद्को बैठकहरु ढिलो नगरी आवश्यकता अनुसार समयमै गर्ने निर्देशन भयो ।



# परिषद्को तेत्तिसौं बैठक

मिति: २०६३।५।२९

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, महन्थ ठाकूर**

क. नेपाल कृषि अनुसन्धान परिषद् व्यवस्थापन सुधार संघर्ष समितिले मिति २०६३।२।२३ देखि परिषद्को संस्थागत एवं दीर्घकालिन हित र स्थायित्वका लागी ३ सूत्रीय माग राखी संघर्षका कार्यक्रम मिति २०६३।३।३२ सम्म सञ्चालन भएकोमा मिति २०६३।३।३२ मा माननीय कृषि तथा सहकारी मन्त्रीज्यूको समूपस्थितिमा व्यवस्थापन सुधार संयुक्त संघर्ष समिति, नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी एशोसियसन र नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यू बिचमा १० बुँदे सम्झौता भएको र उक्त सम्झौताहरुको कार्यान्वयन स्थिति बारे निम्न अनुसार भएको जानकारी एवं निर्णय गरियो ।

- बुँदा नं. १ को सहमतिमा उल्लेख भए अनुसार संघर्षका कार्यक्रमहरु मिति २०६३।३।३२ देखि नै फिर्ता लिई कार्यान्वयन भएको ।
- बुँदा नं. २ मा उल्लेख भए अनुसार परिषद्का माननीय अध्यक्षज्यूबाट विधिवत रुपमा अर्को कार्यकारी निर्देशकको व्यवस्था गरी कार्यान्वयन भएको ।
- बुँदा नं. ३ मा सहमति अनूसार नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले श्री सचिवज्यू कृषि तथा सहकारी मन्त्रालयको संयोजकत्वमा सात सदस्यीय व्यवस्थापन सुधार समितिको गठन भएको र त्यसले कार्य प्रारम्भ गरिसकेको ।
- बुँदा नं. ४ मा सहमति भए अनुसार संघर्ष अवधिमा तत्कालीन निमित्त कार्यकारी निर्देशकले कुनै विदेशी संघ संस्थाहरुसँग भएको सम्झौता बाहेकका

अन्य निर्णय बदर गर्न परिषद्मा पेश गर्ने । भनिएकोमा सो विषयमा छलफल हुँदा कानूनी सल्लाहकारको राय लिई सो राय अनुसार गर्ने निर्णय भयो ।

- बुँदा नं. ५ मा उल्लेखित सहमती अनुसार हालसम्म संघर्षमा लागेका कारण कुनै पनि कर्मचारीहरुलाई कुनै प्रकारको कार्यवाही नगरिएको र व्यवस्थापनबाट कार्यवाही नगर्ने निर्णय भएको ।
- बुँदा नं. ६ मा उल्लेख भएको सहमति अनुसार संर्घषरत कर्मचारीहरु र संघर्षको कारणले हाजिर गर्न नपाएका कर्मचारीहरुको संर्घष अवधिभरको कुनै पनि बिदा लिन नपर्ने गरी हाजिर कापीमा (बिदा) जनाउने व्यवस्था गर्ने गरी निर्देशन दिने निर्णय भयो ।
- बुँदा नं. ७ मा सहमति भए अनुसार शान्ती पूर्वक बिरोध कार्यक्रममा मिति २०६३।३।१९ गते परिषद् परिसरमा भएको प्रहरी हस्तक्षेपको कारणले गर्दा भएको घटनाको छानबिन र क्षतिपूर्तिको लागि सिफारिस गर्न नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयबाट छानबिन समिति गठन भएको जानकारी कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूले जानकारी गराउनु भयो ।
- बुँदा नं. ८ मा उल्लेख भएको सहमति अनुसार परिषद्को जिम्मेवार प्रमुख पदहरुमा रहेका कर्मचारीहरुबाट भएका अनियमितताहरुको सम्बन्धमा छानबिन गर्न परिषद्का सदस्य श्री अनिलकृष्ण प्रसाईको संयोजकत्वमा कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि तथा परिषद्का कानूनी सल्लाहकार सदस्य भएको तीन सदस्यीय समिति गठन गरी ToR (Terms of Reference) समेत उक्त समितिले बनाउने र काम शुरु गरेको २ महिना



भित्र प्रतिवेदन पेश गर्ने गरी परिषद्का सदस्यहरुले पाए सरह बैठक भत्ता तथा तोके बमोजिमका अन्य सुविधा पाउने गरी छानबिन समिति गठन गरियो ।

- बुँदा नं. ९ को सर्न्दभमा कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूले एक समिति गठन भई सकेको जानकारी गराउनु भयो ।
- बुँदा नं. १० कार्यान्वयन सम्बन्धमा सम्बन्धित संस्थाहरुको ध्यानाकर्षण हुनु पर्ने बारे छलफल भयो ।

ख. कुनै पनि वैज्ञानिकहरुले अनुसन्धान आयोजनाको नेतृत्व लिई अनुसन्धान आयोजना सञ्चालन गरी आउनु भएका र अनुसन्धान आयोजना सम्पन्न हुनु अगावै अवकाश हुने भएमा र उक्त आयोजना सम्पन्न गर्न बढीमा दुई वर्षसम्म लाग्ने भएमा सो अवधि अवकाश भएपछि पनि सम्बन्धित वैज्ञानिकले अनूरोध गरेमा सेवा गर्ने अवसर दिन सकिने र खाईपाई आएको सुविधा मात्र उपलब्ध गराउने निर्णय भयो ।

ग. परिषद् अन्तर्गत संचालित विशेष अनुसन्धान आयोजनाको लागि आयोजनाको अवधिभर तोकिए अनुसारको तलब/भत्ता लगायतका सुविधा दिने गरी सम्बन्धित विषय विशेषज्ञ/ वैज्ञानिक/ प्राविधि/ अधिकृतहरुलाई निश्चित अवधिको लागि करारमा राखी काम लगाउने निर्णय भयो ।

# परिषद्को चौतिसौं बैठक

मिति: २०६३।१२।८

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, महन्थ ठाकुर**

क. परिषद्को कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ५ मा व्यवस्था भए अनुसार विनियमका अनुसूचीहरु संशोधन गर्ने, हटाउने वा थप्ने अधिकार परिषद्मा निहित रहेकाले कार्यकारी समितिको मिति २०६३।८।५ को १२९औं बैठकको सिफारिस बमोजिम यो प्रस्ताव पेश भए अनुसार लागू हुने गरी परिषद्को आर्थिक प्रशासन विनियम २०४९ को अनुसूची २ को क्रम संख्या १ को सट्टा देहायको क्रम संख्या १ राखिएको छ:



# परिषद्को पैंतिसौं बैठक

मिति: २०६३।१२।९

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, महन्थ ठाकूर**

क. कृषि अनुसन्धानलाई उच्च प्राथमिकता दिनु पर्ने, खोजपूर्ण (Innovative) कृषि अनुसन्धानको लागि Project बनाउने, नार्क Vision लाई पुनरावलोकन गर्ने, जनशक्तीको नीति तर्जुमा गर्ने, Business Plan बनाउने, परिषद्को पुन: संरचना गर्ने आदि बुँदाहरुमा छलफल भई परिषद्लाई अगाडि बढाउन नयाँ सोच दिनु पर्ने निर्देशन भयो ।

# परिषद्को छत्तिसौं बैठक

मिति: २०६४।४।२९

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, छबिलाल विश्वकर्मा**

क. प्रस्तुत भएका बुँदाहरु बाहेक निम्न अनुसारको विविध बुँदाहरुमा छलफल भई निर्णय भयो ।

- कर्मचारीहरुको समस्याको आवश्यक वस्तुस्थिति अध्ययन गरी समाधानको निम्ति पहल गर्न कार्यकारी समितिलाई निर्देशन दिइयो ।
- यस परिषद् अन्तर्गतका कतिपय अनुसन्धान केन्द्रहरु आज पनि हाम्रो आफ्नो नियन्त्रणमा छैनन । जसले गर्दा नेपाली कृषकहरुलाई सेवा प्रदान गर्ने कार्यमा कठिनाई उत्पन्न भएको छ । तसर्थ ती सबै अनुसन्धान केन्द्रहरु कृषि सेवाको प्रयोजनका निमित्त सुधार हुने व्यवस्था मिलाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने प्रस्ताव यस बैठकबाट पारित गरियो ।
- धानबाली अनुसन्धान कार्यक्रमका प्रा.स.टि (५) का स्व. राजकुमार जोशीको अज्ञात समूहबाट आक्रमण भई दिवंगत हुनु भएकोमा यस बैठकबाट वहाँ प्रति श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जन प्रति समवेदना प्रकट गर्ने प्रस्ताव पारित गरियो । साथै अन्य कर्मचारीहरुको सुरक्षा सम्बन्धी आवश्यक व्यवस्थाका लागि नेपाल सरकार गृह प्रशासनको ध्यानाकर्षण गराउने निर्णय समेत गरियो ।

ख. जनताको जीवनस्तरमा परिवर्तन ल्याउन कृषि नै मूख्य क्षेत्र भएको र सोको लागि अनुसन्धानको मुख्य भूमिका रहने हुँदा हालको परिवर्तित स्थितिमा परम्परागत कृषिबाट व्यवसायिक रुपमा रुपान्तरण गर्ने गरी परिषद्लाई समय सापेक्ष सुधार गर्न माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूबाट निर्देशन भयो ।



# परिषद्को सैंतिसौं बैठक

मिति: २०६५।६।१७

**अध्यक्ष: माननीय कृषि मन्त्री, जय प्रकाश प्रसाद गुप्ता**

क. परिषद्का का.मु.कार्यकारी निर्देशकज्यूबाट माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यू तथा अन्य सदस्यज्यूहरूलाई परिषद्ले गर्दै आएको अनुसन्धान सम्बन्धी कार्यहरू, परिषद्को आ.व.२०६५/६५ को बजेट तथा खर्चको विवरण, आ.व.२०६५/६६ को प्रस्तावित बजेट तथा आ.व.२०६५/६६ को लागि विनियोजित बजेट रकम रु.५१,००,००,०००।०० (अक्षेरुपी एकाउन्न करोड रुपैयां मात्र) को प्रस्तावित कार्यक्रमहरूको सम्बन्धमा संक्षिप्त विवरण अवगत गराईयो । साथै आ.व.२०६५/६६ को बजेट भाषणमा नेपाल सरकारले प्रत्येक कर्मचारीहरूको लागि मासिक तलबमानमा रु.२०००।००(अक्षरुपी दुई हजार रुपैयाँ मात्र) का दरले थप गर्ने घोषणा भए अनुसार परिषद्मा कार्यरत कर्मचारीहरूको लागि तलब शिर्षकमा नपुग हुन आउने रकम रु.३,९०,००,०००।०० (अक्षेरुपी तीन करोड नब्बे लाख रुपैयाँ मात्र) थप रकम विनियोजन तथा निकासाको लागि कृषि तथा सहकारी मन्त्रलायलाई अनुरोध गर्ने निर्णय गरियो । त्यसै गरी आ.व.२०६५/६६ को विनियोजित बजेटको प्रस्तावित खर्च तथा विस्तृत कार्यक्रम स्वीकृतको लागि पुष्टयाई सहित परिषद्को आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

ख. तत्कालीन द्वन्दको समयमा विभिन्न मितिमा अज्ञात समुहबाट पटक पटक विस्फोट, आगजनी, लुटपाट तथा तोडफोडबाट क्षति हुन गएको भवन, संपत्ति सामान तथा भौतिक संरचनाहरूको मिनाहा गर्ने सम्बन्धमा सम्बन्धित जिल्लास्थित क्षति एकिन समितिबाट सम्पूर्ण प्रक्रिया पूरा गरी सिफारिस भई आए अनुसार परिषद् अन्तर्गत भेंडा

तथा बाख्रा अनुसन्धान कार्यक्रम, गुठीचौर, जुम्लामा रु.२,८८,९३,५११।०० (अक्षेरुपी दुई करोड अठासी लाख त्रियानब्बे हजार पांचसय एघार रुपैयां मात्र), कृषि अनूसन्धान केन्द्र, किमुगाउं, दैलेखको रु.३१,०६,४१४।४६ (अक्षेरुपी एकतिस लाख छ हजार चारसय चौध रुपैयां पैसा छयालीसमात्र) र पहाडीवाली अनुसन्धान कार्यक्रम, काभ्रे, दोलखाको रु.८१,२७,९२४।०० (अक्षेरुपी एकासी लाख सत्ताईस हजार नौसय चौबिस रुपैयां मात्र) गरी कूल जमा रु.४,०१२७,८४९।४६ (अक्षेरुपी चार करोड एक लाख सत्ताईस हजार आठसय उनान्चास रुपैयां पैसा छयालिस मात्र) बराबरको क्षति भएको सम्पत्ती भवन तथा अन्य भौतिक संरचनाहरू मिनाहा गर्न प्रस्ताव गरिए अनुसार उक्त कार्यालयहरूको उल्लेखित रकम बराबरको क्षति भएको संपत्ति, भवन तथा अन्य भौतिक संरचनाहरू परिषद्को आ.प्र. विनियम ३६(३) बमोजिम मिनाहा गर्ने निर्णय गरियो ।

ग. नेपाल सरकारले निजामति सेवा ऐन तथा नियमावलीमा केही संशोधन गरी लागु समेत गरी सकेको अवस्थामा नेपाल कृषि अनुसन्धान परिषद्को विनियम समेतलाई संशोधन गर्न आवश्यकता महसुस गरी तयार गरिएको प्रस्तावित संशोधन विनियम तत्काललाई अति आवश्यक बिषयहरूमा मात्र संशोधन गर्दै लाने गरी पेश गरिएको नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन विनियमको पांचौं संशोधन (२०६५) मस्यौदामा छलफल हुंदा स्नातकोत्तर गरेका प्राविधिक अधिकृतहरूको वैज्ञानिक समूहमा समूह परिवर्तन गर्ने विषयमा विस्तृत अध्ययन गरी अर्को बैठकमा पुन: पेश गर्ने गरी निर्णय गरियो संशोधनको लागि प्रस्तावित विषयहरू संशोधन गर्ने निर्णय गर्दै सोको स्वीकृतिको लागि नेपाल सरकारमा पठाउने निर्णय गरियो । त्यसैगरी



नेपाल कृषि अनुसन्धान परिषद् क.प्र.विनियम २०४९ को परिच्छेद १ उपविनियम ५ को अधिकार प्रयोग गरी संशोधनको लागि पेश गरिएका अनुसूचीहरू १(क), १(ख), ४ र ५ पेश भए अनुसार संशोधन गर्ने निर्णय गरियो । यसै सन्दर्भमा नेपाल कृषि अनुसन्धान परिषद्को विनियम तत्काल संशोधन गर्न अतिआवश्यक अन्य विषयहरू समेत परिषद्को आगामी बैठकहरूमा प्राथमिकता अनुसार पेश गर्ने निर्णय गरियो ।

# परिषद्‌को अठतिसौं बैठक

**मिति: २०६५।८।२०**

**अध्यक्ष: माननीय कृषि मन्त्री, जय प्रकाश प्रसाद गुप्ता**

क. आर्थिक वर्ष २०६५/६६ को लागि नेपाल कृषि अनुसन्धान परिषदको विनियोजित बजेटको प्रस्तावित खर्च तथा विस्तृत कार्यक्रम स्वीकृतिको लागि पुष्ट्याई सहित पेश गरिएकोमा पेश भए अनुसार आर्थिक वर्ष ०६५/६६ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

ख. तत्कालीन द्वन्द्वको समयमा विभिन्न मितिमा अज्ञात समूहबाट पटकपटक विस्फोट, आगजनी, लुटपाट आदि कार्यहरूबाट परिषद् अन्तर्गत पहाडी वाली अनुसन्धान कार्यक्रम, काब्रे दोलखाको भवन, सम्पत्ति सामान लगायत अफिस सामान र सम्पूर्ण श्रेस्ताहरू नष्टभई आन्तरीक लेखा परीक्षण तथा महालेखा परीक्षण सम्पन्न भईसकेका तथा लेखा परीक्षण हुन बाँकी सम्पूर्ण श्रेस्ताहरू नष्ट भएको व्यहोरा सहित रु.८५,८४,१५०।०५ (अक्षेरुपी पचासी लाख चौरासी हजार एक सय पचास रुपैयाँ पैसा पाँच मात्र) को श्रेस्ताहरू मिनाहाको लागि पेश गरिएकोमा आन्तरीक लेखा परीक्षण तथा महालेखा परीक्षण भईसकेको तथा हून बाँकी श्रेस्ताहरूको सैद्धान्तिक तथा व्यक्तिगत बेरुजुको उपलव्ध भएसम्मको विवरण संलग्न गरी अगामी बैठकमा पुन: पेश गर्ने निर्णय गरियो ।

ग. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ संशोधन गर्न प्रस्ताव गरिएको संशोधन मस्यौदा प्रस्ताव गरिए अनुसार संशोधनको प्रक्रिया अघि बढाई दिन कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गरिएकोमा हालसम्म प्रस्तावित ऐन सम्बन्धमा भएको कार्यवाही बारे कुनै जानकारी प्राप्त नभएकोले प्रस्तावित ऐन संशोधनको लागि कारवाही अघि बढाई दिन कृषि तथा सहकारी मन्त्रालयलाई पुन: अनुरोध गर्ने निर्णय गरियो ।



घ. परिषद् अन्तर्गत मुलुकभर रहेका विभिन्न केन्द्रहरूको वर्तमान अवस्था बुझ्न, परिषद्‌को उद्देश्य अनुरुप काम कार्यवाहीहरूको यथार्थ जानकारी लिन, उपलव्ध साधन तथा श्रोतको उपयोगिताको अवस्था बुझ्न र संघियताको अवधारणालाई समेत ध्यानमा राखी सम्बन्धित तहहरूमा कार्यरत वैज्ञानिक तथा कर्मचारीहरूको राय बुझी बढीमा ४५ दिन भित्र परिषद्‌का अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्ने गरी परिषद्‌का ३ सदस्यहरू सम्मिलित (एक जना संयोजक रहने गरी) तथा परिषद्‌का एक जना वरिष्ठ कर्मचारी सहयोगीको रुपमा रहने गरी टोली गठन गरी परिषद् अन्तर्गतका कार्यालयहरूमा पठाउने निर्णय गरियो ।

ङ. कृषि क्षेत्रको समग्र विकास, प्राथमिकताका क्षेत्रहरू, वैदेशिक लगानीको उपयोग, परामर्श सेवा आदिका सन्दर्भमा नेपाल सरकारलाई सुझाव दिन तथा राष्ट्रिय कृषि नीतिको तर्जुमा, प्रभावकारी कृषि अनुसन्धान तथा प्रचार प्रसारको लागि अध्ययन, नीतिगत अनुसन्धान तथा विकास गर्न परिषद् अन्तर्गत एउटा निर्देशनालय स्थापना गर्न निर्देशक, योजना तथा समन्वयको संयोजकत्वमा कृषि तथा सहकारी मन्त्रालयको एकजना प्रतिनिधी र Socio-economics and Agriculture Reerach Plicy Division (SARPoD) को प्रमुख सदस्य रहने गरि कमिटी गठन गरी उक्त कमिटिलाई १५ दिन भित्र उक्त निर्देशनालय स्थापना सम्बन्धी प्रस्ताव पेश गर्न लगाउने निर्णय गरियो ।

# परिषद्को उनन्चालिसौं बैठक

मिति: २०६६।३।२८

**अध्यक्ष: माननीय कृषि मन्त्री, मृगेन्द्र कुमार सिंह यादव**

क. आगामी आर्थिक वर्ष २०६६/६७ को लागि नेपाल कृषि अनुसन्धान परिषद्को प्रस्तावित बजेट तथा कार्यक्रमको संक्षिप्त विवरण प्रस्तुत गरी छलफल गरियो ।

ख. तत्कालीन द्वन्द्वको समयमा बिभिन्न मितिमा अज्ञात समूहबाट पटक पटक विस्फोट, आगजनी, लुटपाट जस्ता घटनाबाट कृषि अनुसन्धान केन्द्र, बिजयनगर जुम्ला, कृषि अनुसन्धान केन्द्र (वागवानी) राजिकोट जुम्ला, भेडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठीचौर, जुम्ला र पहाडी वाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखाको कार्यालय भवन, सम्पत्ति सामान, कार्यालय सामान सम्पूर्ण श्रेस्ताहरू नष्ट भई आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण सम्पन्न भई सकेको तथा हुन बाँकी सम्पूर्ण श्रेस्ताहरू जलेर नष्ट भएको कारणले बेरुजु रकम मिनाहाको लागि कार्यकारी समितिबाट सिफारिस भई परिषद्मा पेश भएको प्रस्ताव उपर छलफल हुँदा उल्लेखित कार्यालयहरूको बेरुजु मिनाहा गर्न तपसिल बमोजिमको कमिटी गठन गर्ने र सो कमिटीलाई बेरुजु मिनाहा गर्ने अधिकार प्रत्यायोजन गर्ने ।

**तपसिल**

- श्री शंकर प्रसाद पाण्डे, सचिव, कृषि तथा सहकारी मन्त्रालय — संयोजक
- डा. भारतेन्दु मिश्र, कार्यकारी निर्देशक, ने.कृ.अ.परिषद् — सदस्य
- श्री लक्ष्मण कुमार पोखरेल, सह सचिव (प्रशासन) कृषि तथा सहकारी मन्त्रालय — सदस्य



- श्री परशुराम लाल कर्ण, निर्देशक, आर्थिक प्रशासन, ने.कृ.अ.परिराषद् — सदस्य
- श्री ऋषिराम उपाध्याय, वरिष्ठ लेखा अधिकृत, आ.ले.प.महाशाखा, ने.कृ.अ.परिषद् — सदस्य सचिव

ग. परिषद्को आर्थिक प्रशासन विनियम, २०४९ (संशोधन सहितको) को विनियम ३६ क को उपविनियम (१) अनुसार परिषद्का कार्यकारी निर्देशकलाई हिनामिना नभएको, भ्रष्टचार नभएको, प्रचलित कानून र सार्वजनिक लेखा समिति एवं लेखा परीक्षणबाट असुल उपर गर्ने निर्णय भएका बाहेक रितसम्म नपुगेको तर परिषद् एवं नेपाल सरकारलाई कुनै हानी नोक्सानी नभएको रु.१,००,००,०००।०० (अक्षेरुपी एक करोड) सम्मको बेरुजु नेपाल कृषि अनुसन्धान परिषद्को निर्देशक, आर्थिक प्रशासनको सिफारिसमा नियमित गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

घ. नेपाल कृषि अनुसन्धान परिषद्ले कसैसँग लिनुपर्ने बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा काबु बाहिरको परिस्थितिले गर्दा तथा सुक्खा जर्ति भई वा खिएर, सडेर गई वा अन्य कारणबाट हानी नोक्सानी हुन गएको वा प्रचलित कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएको रकम देहायको समितिले मिनाहा गरी फछ्र्यौट गर्ने अधिकार प्रत्यायोजन गरियो ।

**तपसिल**

- सचिव, कृषि तथा सहकारी मन्त्रालय — संयोजक
- कार्यकारी निर्देशक, ने.कृ.अ.परिषद् — सदस्य
- सह सचिव (प्रशासन) कृषि तथा सहकारी मन्त्रालय — सदस्य
- निर्देशक, आर्थिक प्रशासन, ने.कृ.अ.परिषद — सदस्य
- प्रमुख, वरिष्ठ लेखा अधिकृत, आन्तरिक लेखा परीक्षण महाशाखा — सदस्य सचिव

ङ. माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूबाट बैठक लामो अवधि पश्चात बस्ने गरेकोमा भविष्यमा परिषद्को बैठक नियमित रुपमा (कम्तीमा चौमासिकमा एउटा) राख्न र परिषद्बाट निर्णय गराउनु पर्ने विषयहरूमा समयमै प्रस्ताव पेश गरी निर्णय गराउने व्यवस्था गर्न निर्देशन दिइयो ।



# परिषद्को चालिसौं बैठक

**मितिः २०६६।५।२६**

**अध्यक्षः माननीय कृषि मन्त्री, मृगेन्द्र कुमार सिंह यादव**

क. आर्थिक वर्ष २०६६/६७ को लागि नेपाल कृषि अनुसन्धान परिषद्को विनियोजित बजेटको प्रस्तावित खर्च तथा विस्तृत कार्यक्रम स्वीकृतिको लागि पुष्ट्याई सहित पेश गरिएकोमा पेश भए अनुसार आर्थिक वर्ष २०६६/६७ को लागि रु. ५६ (छपन्न) करोडको बजेट तथा कार्यक्रम, स्वीकृत गर्ने निर्णय गरियो ।

ख. नेपाल कृषि अनुसन्धान परिषद्मा सञ्चालन गरिने अनुसन्धनात्मक कार्यक्रमको प्रभावकारी कार्य सम्पादनको लागि कार्यकारी समितिको सिफारिश अनुसार नेपाल सरकारसँग रु. १९ (उन्नाईस) करोड रुपैयाँ थप रकम विनियोजन तथा निकासाको लागि श्री कृषि तथा सहकारी मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

ग. नेपाल कृषि अनुसन्धान परिषद्को "परिषद्को" २४औं बैठकको निर्णयानुसार कृषि अनुसन्धान केन्द्र, पाखीवास, धनकुटामा राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रम National Commercial Agriculture Research Programe (N-CARP) को स्थापना गर्ने सैद्धान्तिक सहमति भए अनुरुप बाली तथा वस्तुका व्यवसायिक उत्पादन अनुसन्धान सञ्चालन तथा समन्वय गर्ने गरी ३२औं परिषद्को बैठकले राष्ट्रिय कार्यक्रमलाई काम कर्तव्य तोक्ने निर्णय भएकोमा औचित्य सहित सो कार्यक्रमले गर्नु पर्ने कार्यहरू परिषद्मा पेश हुँदा सो कार्यालय स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो र सोको समर्थनको लागि विस्तृत विवरण सहित परिषद्को क.प्र.विनियमको परिच्छेद १ को ५ बमोजिम नेपाल सरकारको स्वीकृतिको लागि पठाउने निर्णय गरियो । साथै उक्त कार्यक्रमको लागि आवश्यक

जनशक्ति तथा भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धमा परिषद्को कुल दरबन्दीमा कुनै थपघट नहुने गरी नेपाल कृषि अनुसन्धन परिषद्को स्वीकृत दरबन्दीबाट मिलान गर्ने गरी उक्त कार्यक्रममा कर्मचारीहरूको पदस्थापना गर्न कार्यकारी निर्देशकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

घ. नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक एवं परिषद् सदस्यसचिव डा. भारतेन्दु मिश्रले परिषद्ले परिषद्को ऐन, संशोधन, मानित विश्वविद्यालय (Deemed University) को स्थापना, जिन बैंकको स्थापना, NARC Vision, आर्थिक प्रशासन तथा कर्मचारी प्रशासन विनियम संशोधन तथा परिषद्को संगठनात्मक संरचना एवं दरबन्दी परिमार्जन गर्ने सम्बन्धमा भैरहेका कार्य प्रगति बारे परिषद्लाई जानकारी गराउनू भयो ।



# परिषद्को एकचालिसौं बैठक

**मिति:** २०६७।१।१३

**अध्यक्ष: माननीय कृषि मन्त्री, मृगेन्द्र कुमार सिंह यादव**

क. नेपाल सरकारको त्रि-वर्षीय योजना तथा नेपाल कृषि अनुसन्धान परिषद्को आ.व. २०६६/०६७ को कार्यक्रम अनुसार परिषद् अन्तर्गत खुमलटार, ललितपुरमा रहेका National Agricultural Research Institute (NARI) / National Animal Science Research Institute (NASRI) को पूर्वाधार, जनशक्ति, भौतिक संरचना, श्रोत आदिको अधिकतम प्रयोग गर्ने गरी मानित विश्वविद्यालय (Deemed University) स्थापना गरी सञ्चालन गर्ने सम्बन्धमा हालसम्म भएका कार्य प्रगति लगायत सञ्चालन सम्बन्धी प्रस्तावित नियमावली समेत संलग्न राखी नेपाल सरकार मन्त्री परिषद्बाट उक्त विश्वविद्यालय सञ्चालन गर्न सैद्धान्तिक सहमतिको लागि श्री कृषि तथा सहकारी मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय गरियो ।

ख. नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत खुमलटार, ललितपुरमा एउटा छुट्टै बीउ विज्ञान प्रविधि महाशाखा स्थापना गर्न पेश गरिएको प्रस्ताव सम्बन्धमा नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ को दफा ६ (ख) बमोजिम परिषद्को संगठनात्मक ढाँचा तथा परिषद् अन्तर्गत कार्यालयहरूको दरबन्दी स्वीकृत गर्ने अधिकार "परिषद्" मा रहेकोले बीउ विज्ञान प्रविधि महाशाखाको स्थापना गर्ने निर्णय गरियो । उक्त महाशाखाको कार्यालय सञ्चालनका लागि आवश्यक जनशक्ति एवं दरबन्दी परिषद्लाई थप आर्थिक भार नपारी परिषद्को कुल स्वीकृत दरबन्दी संख्या यथावत रहने गरी समान पद/तह बाटै मिलान हुने गरी स्वीकृत गर्न नेपाल कृषि अनुसन्धान परिषद्, कार्यकारी समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ग. नेपाल सरकारको प्रचलित आर्थिक कार्यविधि ऐन/नियमावली, सार्वजनिक खरिद ऐन/नियमावली तथा निजामती सेवा ऐन/नियमावली पारित भई उक्त ऐन/नियमावलीहरू कार्यान्वयनमा आईसकेको तर नेपाल कृषि अनुसन्धान परिषद्को आर्थिक प्रशासन विनियममा लामो समयदेखि कुनै पनि संशोधन नगरिएको सन्दर्भमा परिषद्को आर्थिक प्रशासन विनियमलाई समसामयिक बनाउन कार्यकारी समितिको सिफारिस सहित प्राप्त हुन आएको प्रस्तावित नेपाल कृषि अनुसन्धान परिषद्, आर्थिक प्रशासन विनियम, २०४९ को पांचौं संशोधनलाई कानून सम्मत बनाउन, भाषिक परिमार्जन एवं नेपाल सरकारको आर्थिक कार्यविधि ऐन/नियमावली, सार्वजनिक खरिद ऐन/नियमावली तथा निजामती सेवा ऐन/नियमावली अनुसार कार्यान्वयनमा आईसकेका कुनै नियमहरू छुटेको भए सो समेत समावेश गर्न नेपाल कृषि अनुसन्धान परिषद्का आर्थिक प्रशासन निर्देशक एवं कृषि तथा सहकारी मन्त्रालयका उपसचिव (कानून) लाई अनुरोध गर्ने निर्णय गरियो । सो पश्चात उक्त संशोधित विनियमलाई परिषद्का कार्यकारी निर्देशकले कृषि तथा सहकारी मन्त्रालयमा स्वीकृतिको लागि पठाई नियमानुसार आर्थिक प्रशासन विनियम, २०४९ को प्रस्तावित पांचौं संशोधन, २०६७ मन्त्रालयस्तरबाट स्वीकृत लिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ. नेपाल सरकार, कृषि नीति २०६१ र कृषि विविधता नीति २०६३ तथा अन्तर्राष्ट्रिय सन्धि/महासन्धिबाट निर्देशित सिद्धान्त अनुरुप नेपाल सरकारको वार्षिक कार्यक्रममा प्राथमिकतामा परेको राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र National Agriculture Genetic Resource Center (NAGRC) स्थापना गर्ने सन्दर्भमा उक्त केन्द्रको लागि भौतिक पूर्वाधारहरूको निर्माण भैसकेकोले केन्द्रको कार्यालय स्थापना गरी आवश्यक दरबन्दी स्वीकृत गरी



केन्द्र सञ्चालन गर्न पेश गरिएको प्रस्ताव सम्बन्धमा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४९ को दफा ६ (ख) बमोजिम परिषद्को संगठनात्मक ढांचा तथा परिषद् अन्तर्गत कार्यालयहरूको दरबन्दी स्वीकृत गर्ने अधिकार परिषद्मा निहित रहे बमोजिम उक्त राष्ट्रिय कृषि आनूवंशिक श्रोत केन्द्र (National Agriculture Genetic Resource Center) स्थापना गर्न स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त केन्द्रको लागि आवश्यक दरबन्दी स्वीकृत गर्न परिषद्को कुल स्वीकृत दरबन्दीमा थपघट नहुने गरी एवं परिषद्का विद्यमान कुल स्वीकृत दरबन्दीहरू मध्येबाटै समान पद/तहमा मिलान गरी दरबन्दी कायम गर्न नेपाल कृषि अनुसन्धान परिषद्, कार्यकारी समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ङ. नेपाल कृषि अनुसन्धान परिषद्को, कर्मचारी प्रशासन विनियम २०४९ मा रहेको विद्यमान बढुवा प्रणालीमा समसामयिक सुधार एवं संशोधन गर्नुपर्ने विषयहरूमा विभिन्न समूह, उपसमूह, पद तथा तहका कर्मचारीहरू र वैज्ञानिकहरूले माननीय कृषि तथा सहकारी मन्त्रीज्यू, सचिवज्यू एवं परिषद्का कार्यकारी निर्देशकज्यू समक्ष दिइएको निवदेन सन्दर्भमा समग्र रुपमा के कति दरबन्दी मिलान गर्नुपर्ने हो, नेपाल सरकारका विभिन्न निकाय र कानूनद्वारा गठित विभिन्न संस्थाहरूमा बढूवाको लागि के कस्ता प्रणालीहरू छन् सो समेत हेरी के कस्तो थप घट संशोधन हुनुपर्ने हो सो समेत अध्ययन गरी र परिषद् कार्यकारी समितिको १६० औं बैठकको निर्णयानुसार गठित कमिटिले पेश गरेको प्रतिवेदन, परिषद्का कार्यकारी निर्देशकबाट मिति २०६६।१०।२२ मा परिषद्को विद्यमान बढुवा प्रणालीमा सुधार गर्नु पर्ने विषयमा राय सुझाव पेश गर्न वरिष्ठ वैज्ञानिक एस(४ श्री बुद्धि प्रकाश शर्माको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको

सुझाव, परिषद्का वृत्ति विकासबाट वञ्चित प्रशासन समूहका कर्मचारीहरूले मिति २०६७।१।७ मा माननीय कृषि तथा सहकारी मन्त्रीज्यूलाई सम्बोधन गरी दिएको निवेदन सम्बन्धमा समेत अध्ययन गरी दरबन्दी मिलान, दरबन्दी थप, बढुवा प्रणालीमा सुधार तथा विनियममा भएको व्यवस्था समसामयिक संशोधन गर्न राय सुझाव सहितको प्रतिवेदन एक महिना भित्र पेश गर्न तपसिल अनुसारको कमिटि (कमिटिले आवश्यकता अनुसार सहयोगीको रुपमा परिषद्का कर्मचारीहरूलाई काममा लगाउन सक्ने) गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

- श्री राजमान चौधरी, सदस्य, नेपाल कृषि अनुसन्धान परिषद् संयोजक
- श्री अर्थ मन्त्रालयका प्रतिनिधि सदस्य
- श्री कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि सदस्य
- श्री कार्यकारी निर्देशकले तोकेको नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी १ जना सदस्य
- श्री निर्देशक, प्रशासन, ने.कृ.अ.परिषद् सदस्य-सचिव

च. माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूबाट आगामी आर्थिक वर्षमा नेपाल कृषि अनुसन्धान परिषद्को बजेटमा वृद्धि हुने जानकारी गराउँदै यस आर्थिक वर्षको स्वीकृत बजेट फ्रिज हुन नदिन परिषद् व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । अन्त्यमा, माननीय कृषि तथा सहकारी मन्त्री एवं परिषद्का अध्यक्षज्यूले "परिषद्" को बैठकमा उपस्थित सबै सदस्यज्यूहरूलाई उपस्थितिको लागि धन्यवाद दिंदै नयाँ वर्षको उपलक्ष्यमा शुभ-कामना व्यक्त गर्नुभयो ।



# परिषद्को बयालिसौं बैठक

**मिति:** २०६७।९।२७

**अध्यक्ष: माननीय कृषि तथा सहकारी मन्त्री, मृगेन्द्र कूमार सिंह**

क. आ.व.२०६७/०६८ को लागि परिषद्को लागि विनियोजन भएको बजेट रु.९८,००,०००।०० (अक्षरेपी अन्ठाननब्बे करोड रुपैयां) नेपाल कृषि अनुसन्धान परिषद, कार्यकारी समितिको मिति २०६७।९।१६ मा बसेको बैठकबाट सिफारिस भई आए अनुसार पेश गरिएको कार्यक्रम तथा बजेट मध्ये मर्मत शिर्षकमा प्रशासनिक तथा कार्यक्रम बजेट कृषि तथा सहकारी मन्त्रालयको सचिवबाट स्वीकृत गराउने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

ख. प्रस्तावित नार्क भिजन (कृषि अनुसन्धान अवधारणा) सम्बन्धमा बैठकमा छलफल भएका विषय पनि समावेश गरी कृषि तथा सहकारी मन्त्रालयमा आवश्यक कार्यार्थ व्यवस्थापनले पठाउने निर्णय गरियो ।

# परिषद्को त्रिचालिसौं बैठक

मिति: २०६८।४।२६

अध्यक्ष: **माननीय कृषि तथा सहकारी मन्त्री, हरिनारायण यादव**

क. आ.व.२०६८/०६९ को लागि माननीय अर्थ मन्त्रीज्यूको बजेट भाषण पश्चात रातो किताबमा परिषद्को लागि छुट्याईएको कुल बजेट रु.१,०६,००,००,०००।०० (अक्षरेपी एक अर्व छ करोड रुपैयां) नेपाल कृषि अनुसन्धान परिषद्, कार्यकारी समितिको मिति २०६८।४।१२ मा बसेको बैठकबाट सिफारिस भई आए अनुसार श्री राष्ट्रिय योजना आयोगको सचिवालयबाट स्वीकृत गराउने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

ख. नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन विनियम, २०४९ (संशोधन सहित) को विनियम १८ (१) मा भएको पदपुर्ति समितिको गठन सम्बन्धी व्यवस्था अनुसार पदपूर्ति समितिलाई पूर्णता दिन परिषद्का सदस्यहरू मध्येबाट श्री चौधरी नागेन्द्र राय यादवज्यूलाई पदपूर्ति समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।



# परिषद्को चौवालिसौं बैठक

मिति: २०६९।६।१०

अध्यक्ष: **सम्माननीय प्रधानमन्त्री तथा कृषि विकास मन्त्री, डा.बाबुराम भट्टराई**

क. Borlaug Institute in South Asia (BISA) स्थापनार्थ न्यूनतम आवश्यक जग्गा उपलब्ध गराउने सम्बन्धमा छलफल हुंदा जमिनको स्वामित्व परिषद्मै रहने गरी CIMMYT लगायत सबै Consultative Groups for International Agricultural Research (CGIAR) complex राख्ने गरी निश्चित सम्झौताको आधारमा कार्यालय र अन्य प्रयोजनको लागि खुमलटारमा अधिकतम २५ रोपनी (१.२५ हेक्टर) र उपत्यकाबाहिर गहुबाली अनुसन्धानको लागि अधिकतम छ हेक्टर र मकैबाली अनुसन्धानको लागि अधिकतम छ हेक्टर गरी जम्मा ११.२५ हेक्टर जग्गा उपलब्ध गराउने निर्णय गरियो । साथै, BISA लाई प्रदान गर्ने जग्गाको छनौट र सम्झौता गर्ने सम्बन्धमा परिषद् व्यवस्थापनलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ख. जुम्लाको गुठीचौरमा उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान स्थापना गर्ने बारे छलफल हुंदा कृषि अनुसन्धान केन्द्र (बाली) विजयनगर; कृषि अनुसन्धान केन्द्र (बागवानी) राजीकोट र भेंडाबाखा अनुसन्धान कार्यक्रम गुठीचौरलाई समेटेर उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान स्थापना गर्दा समग्रमा उच्च पहाडको लागि उपयुक्त प्रविधिहरुको विकास भई कृषि क्षेत्रको रुपान्तरणमा सघाउ पुग्न जाने हुनाले आवश्यकता अनुसार अन्य उच्च पहाडी क्षेत्रमा अनुसन्धानस्थल राख्ने गरी जुम्लाको गुठीचौरमा “उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान” (Mountain Agricultural Research Institute) (MARI) स्थापना गर्ने र सोही अनुरुप परिषद्को वर्तमान संगठनात्मक ढाँचासमेत संशोधन गर्ने

निर्णय गरियो । प्रतिष्ठानको दरबन्दी, संरचनागत ढाँचा तथा काम, कर्तव्य र अधिकार परिषद् व्यवस्थापनबाट तयार गरी कार्यान्वयनमा ल्याउने समेत निर्णय गरियो ।

ग. प्राविधिक अधिकृतलगायत सबै वैज्ञानिक पद/तहमा भर्टिकल पद्धति लागु गर्ने बारे छलफल हुँदा परिषद्का वरिष्ठ वैज्ञानिकको संयोजकत्वमा, कृषि विकास मन्त्रालय, लोक सेवा आयोग, सामान्य प्रशासन मन्त्रालय र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका प्रतिनीधि रहने कार्यदल गठन गरी सोको प्रतिवेदन अनुसार वैज्ञानिक तथा व्यवहारिक भर्टिकल बढुवा लागु गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

घ. विद्यमान तलब भत्ताले जिविकोपार्जन गर्न कठिन भएको र परिषद् सेवामा वैज्ञानिक तथा प्राविधिक कर्मचारीहरु आकर्षित नभइरहेको कारणले र प्रतिभा पलायन समेतलाई रोक्न कर्मचारीलाई अनुसन्धान भत्ता लगायत विनियममा उल्लेख भएका भत्ताहरु प्रदान गर्न सैद्धान्तिक निर्णय गरियो । वैज्ञानिकहरुको मनोवल उच्च राख्न के कस्ता र कति सुविधा दिन सकिन्छ सोबारे कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय र परिषद्को संयुक्त कार्यदल गठन गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो । उक्त कार्यदलको संयोजक परिषद्का सदस्य-सचिव रहने निर्णयसमेत गरियो ।

ङ. परिषद् नेपाल सरकारबाटै गठित र पूर्णतया राज्य कोषबाटै संचालित निकाय भएकोले निजामती कर्मचारी सरह लोकसेवा आयोगबाटै पदपूर्ति तथा बढुवाको व्यवस्था गर्नको लागि लोकसेवा आयोगसँग आवश्यक छलफल गरी निर्णयको लागि पुन: पेश गर्ने निर्णय गरियो । यसको लागि कृषि विकास मन्त्रालय र परिषद्का प्रतिनिधिले लोकसेवा आयोगसँग छलफल गर्ने निर्णय गरियो ।

च. निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० (संशोधनसहित) बमोजिम कुनै पनि कर्मचारी कार्यालयको काममा रहेको बेला दुर्घटना तथा द्वन्द्वको कारण मृत्यु,



अंगभंग वा भविष्यमा काम गर्न नसकिने गरी अशक्त भएमा, कडा रोग लागेमा, शारीरिक वा मानसिक रोग लागेमा आदि अवस्थालाई ध्यानमा राखी निजामती सेवामा थप आर्थिक सहायता, अशक्त वृत्ति, अंगभंग भए वा चोटपटक लागे पाउने सुविधा, असाधारण पारिवारिक वृत्ति तथा उपदान, शैक्षिक तथा सन्तति वृत्ति आदि जस्ता आर्थिक सहयोग/सुविधासम्बन्धी विशेष व्यवस्था परिषद्मा लागु गर्ने गरी विनियम संशोधनको लागि पेश भएको मस्यौदा पुनरावलोकन र परिमार्जन गरी अन्य आवश्यक थप व्यवस्थासहित विनियम संशोधनको लागि कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयको समन्वयमा प्रक्रिया अघि बढाउने निर्णय गरियो । यो कार्य माथि उल्लेखित निर्णय नं. ४ को लागि गठित कार्यदलले गर्ने समेत निर्णय गरियो ।

छ. परिषद्को स्वीकृत दरबन्दी नबढ्ने गरी र परिषद्लाई थप आर्थिक भार नपर्ने गरी विद्यमान कृषि अनुसन्धान केन्द्र, भागेतडा, डोडीलाई सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय कृषि अनुसन्धान केन्द्र (Regional Agricultural Research Station) बनाउने र सोहीअनुरुप परिषद्को वर्तमान संगठनात्मक ढाचासमेत संशोधन हुने निर्णय गरियो ।

साथै, खुमलटारस्थित बायोटेक्नोलोजी इकाई, कृषि वातावरण इकाई र खाद्य अनुसन्धान इकाईलाई क्रमश: जैविक प्रविधि महाशाखा (Biotechnology Division), कृषि वातावरण अनुसन्धान महाशाखा (Agricultural Environment Research Division) र खाद्य अनुसन्धान महाशाखा (Food Research Division) मा परिणत गर्ने र सोही अनुरुप परिषद्को वर्तमान संगठनात्मक ढाँचासमेत संशोधन हुने निर्णय गरियो ।

माथि भएका निर्णयहरुको कार्यान्वयन परिषद् व्यवस्थापनले गर्ने निर्णय गरियो ।

ज. परिषद्को कुल स्वीकृत दरबन्दी संख्यामा नबढ्ने गरी खुमलटारमा रहेको गाईभैंसी कार्यक्रमलाई पुष्ट्याई चितवनको रामपुरमा “राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम”

(National Cattle Research Programme) र सुनसरीको तरहरामा "राष्ट्रिय भैंसी अनुसन्धान कार्यक्रम" (National Buffalo Research Programme) स्थापना गर्ने र सोही अनुरुप परिषद्को वर्तमान संगठनात्मक ढाँचासमेत संशोधन हुने निर्णय गरियो । माथि भएका निर्णयहरुको कार्यान्वयन परिषद् व्यवस्थापनले गर्ने समेत निर्णय गरियो ।

**झ.** परिषद्को स्वीकृत दरबन्दी नबढ्ने गरी र परिषद्लाई थप आर्थिक भार नपर्ने गरी विभिन्न कार्यालयहरुको पुन: नामाकरण, कार्यव्याख्या र कार्य विभाजनका साथै दरबन्दी मिलान र स्वीकृति गर्न कार्यकारी समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो र सोही अनुरुप परिषद्को वर्तमान संगठनात्मक ढाँचासमेत संशोधन हुने निर्णय गरियो ।

**ञ.** वैज्ञानिक तथा अन्य कर्मचारीहरुको अवकाश हुने उमेरको हदबन्दी बढाउने सम्बन्धमा अन्य संस्थाहरुमा के कस्ता व्यवस्था छन् सोको अध्ययन गरी प्रतिवेदन तयार गर्न कार्यदल गठन गर्ने निर्णय गरियो । सो कार्य माथि उल्लेखित निर्णय नं. ३ मा गठित कार्यदलले गर्ने समेत निर्णय गरियो ।

**ट.** प्राविधिक र प्रशासन दुबै अनुसन्धान प्रयोजनको लागि सहयोगी समूहका कर्मचारी भएकाले दुबै समूहमा एउटै मापदण्ड हुनु उपयुक्त हुने हुनाले प्रशासनको A-९ तह झैं T-९ पद/तहको व्यवस्था गर्न आवश्यक विनियम संशोधन गर्ने निर्णय गरियो । यो कार्य माथि उल्लेखित निर्णय नं. ४ को लागि गठित कार्यदलले गर्ने समेत निर्णय गरियो ।

**ठ.** **विविध**

- पहिलो Borlaug Global Rust Initiative (BGRI) Gene Stewardship Award प्राप्त गरी कृषि विज्ञान तथा प्रविधिमा नेपाललाई विश्वसामु चिनाउन सफल भएका नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिकहरु क्रमश: मदनराज भट्ट, सरला शर्मा, दिपक भण्डारी, ध्रुब बहादुर



थापा र नुतनराज गौतमलाई नेपाल सरकार र परिषद्को तर्फबाट सम्मानस्वरुप जनही रु २ लाख प्रदान गर्ने र सोको लागि कृषि विकास मन्त्रालयले अर्थ मन्त्रालयबाट थप निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।
- सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा एउटै मात्र कृषि अनुसन्धान केन्द्र (डोटी) भएकोले कञ्चनपुरको सुन्दरपुर र बैतडीको सतबाँझमा रहेका कृषि फार्महरु परिषद्अन्तर्गत ल्याउन उपयुक्त हुने भएकोले कृषि विकास मन्त्रालय र परिषद्को कार्यदल बनाएर कार्य अघि बढाउने निर्णय गरियो ।
- नेपालमा भएका कृषिसम्बन्धी अनुसन्धान कार्यहरुको समीक्षा गर्ने जिम्मेवारी परिषद्को भएकोले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, द्दण्छड दफा टख(ङ) सो कार्यको लागि परिषद्को सदस्य-सचिवको संयोजकत्वमा कमिटी गठन गर्ने र सो कमिटीले वार्षिक समीक्षा गरी त्यस्को प्रतिवेदन परिषद्को बैठकमा पेश गर्ने निर्णय गरियो । उक्त कमिटीको सदस्यहरुमा कृषि विकास मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिव, अर्थ मन्त्रालयको कृषि क्षेत्र हेर्ने सहसचिव, राष्ट्रिय योजना आयोगको कृषि क्षेत्र हेर्ने सहसचिव, परिषद्का बाली तथा बागवानी अनुसन्धान निर्देशक, पशु तथा मत्स्य अनुसन्धान निर्देशक र सदस्य-सचिवमा परिषद्का योजना तथा समन्वय निर्देशक रहनेछ । यो निर्णयको कार्यान्वयन परिषद् व्यवस्थापनले गर्ने समेत निर्णय गरियो ।
- परिषद्अन्तर्गत "कृषि अनुसन्धान कार्यक्रम" (व.उ.शि.नं. ३१२१३६-३/४) को आ.व. ६९/७० को लागि गत आ.व.मा भएको कुल खर्चको एक तृतीयांश चालुतर्फ रु ३० करोड ३८ लाख ८१ हजारबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि स्वीकृति भएको व्यहोरा परिषद्को बैठकमा जानकारी गराइयो ।

# परिषद्को पैंतालिसौं बैठक

मिति: २०७०।५।३०

**अध्यक्ष: माननीय कृषि विकास मन्त्री, टेक बहादुर थापा घर्ती**

क आ.व.२०७०/०७१ को लागि नेपाल सरकारबाट प्राप्त चालू अनुदान तर्फ रु.१ अर्ब ४० करोड पुंजीगत अनूदानतर्फ ३५ करोडको कार्यक्रम(बजेट परिषद् बैठकमा पेश भई छलफल हुंदा अर्थ मन्त्रालयबाट विनियोजन भई आए बमोजिम देहायका मुख्य शिर्षक अन्तर्गत रु.१ अर्ब ७५ करोडको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

ख नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीको पदपुर्ति तथा बढुवा कार्य लोक सेवा आयोग मार्फत गराउने सम्बन्धमा प्रस्ताव पेश भई छलफल हुँदा लोक सेवा आयोगलाई अनुरोध गरी पठाउन कृषि विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

ग नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत विद्यमान दरबन्दीमा नबढ्ने गरी धून्चेको रसुवा कृषि अनुसन्धान केन्द्र (मत्स्य) र गुल्मीको बलेटक्सारमा कफी अनुसन्धान कार्यक्रम स्थापनाको लागि नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ६(ख)(घ) अनुसार संगठन र दरबन्दी सहितको ढाँचा तयार गरी पेश गर्न कार्यकारी समितिलाई निर्देशन दिने निर्णय गरियो ।

घ नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको कोसेबाली अनुसन्धान कार्यक्रमलाई चितवनको रामपुरबाट बाँकेको खजुरा स्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्रको परिसरमा स्थानान्तरण गर्ने प्रस्ताव पेश भई छलफल हुँदा कोसेबालीको लागि अलि सुक्खा क्षेत्र (Semi-arid) नै राम्रो हुने कारण बाँकेको खजुरास्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्रको परिसरमा स्थानान्तरण गर्ने निर्णय गरियो ।



# परिषद्को छयालिसौं बैठक

मिति: २०७१।१।१४

**अध्यक्ष: माननीय कृषि विकास मन्त्री, हरि प्रसाद पराजुली**

क आगामी आर्थिक वर्ष २०७१/०७२ को लागि परिषद्लाई प्राप्त बजेट सिलिङ रु. १ अर्ब ७४ करोड मध्ये तपसिलमा उल्लेख गरिएअनुसार बिभिन्न बजेट शिर्षकहरुमा खर्च गर्ने गरी नेपाल सरकार समक्ष प्रस्ताव गरिएको कार्यक्रम बजेट समर्थन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | खर्च वर्गीकरण | बजेट रु. हजारमा |
|---|---|---|
| | **चालु खर्च** | |
| १. | उपभोग खर्च | ६२,००,०० (३५.६३%) |
| २. | प्रशासनिक खर्च (मर्मत सम्भार समेत) | २५,००,०० (१४.३७%) |
| ३. | कार्यक्रम खर्च | ६०,००,०० (३४.४८%) |
| ४. | पुजीगत खर्च | २७,००,०० (१५.५२%) |
| | कूल जम्मा | १,७४,००,०० (१००%) |

साथै माननीय कृषि विकास मन्त्रीज्यूबाट कृषि विकास मन्त्रालयको लागि थप ५ अर्ब बजेटको माग गरिएको र सो बजेट प्राप्त भएमा परिषद्लाई समेत थप बजेट प्राप्त हुने भएकोले सोही अनुसार थप कार्यक्रम तयार गर्न कृषि विकास मन्त्रालयका सचिवज्यूबाट परिषदलाई निर्देशन दिइयो ।

(ख) परिषद्को कार्य विनियम २०४९ र कर्मचारी प्रशासन विनियम २०४९ लाई संशोधन/परिमार्जन गरी ७ (सात) दिन भित्र “परिषद्” का अध्यक्षज्यू समक्ष संशोधनको मस्यौदा पेश गर्ने गरी तपसिल अनुसारको ५ (पांच) सदस्यीय

विनियम संशोधन/परिमार्जन कार्यदल गठन गर्ने निर्णय गरियो ।

श्री बुद्धिमान श्रेष्ठ, नेपाल कृषि अनुसन्धान परिषद् "परिषद्" सदस्य — संयोजक

श्री मोहन चापागाई, सहसचिव, कृषि विकास मन्त्रालय, सिंहदरबार — सदस्य

श्री दिपक भण्डारी, नेपाल कृषि अनुसन्धान परिषद् "परिषद्" सदस्य — सदस्य

डा. मीन नाथ पौडेल, निर्देशक प्रशासन, नेपाल कृषि अनुसन्धान परिषद् — सदस्य

श्री केशव पाण्डे, उपसचिव (कानून) कृषि विकास मन्त्रालय, सिंहदरबार — सदस्य

(ग) माननीय कृषि विकास मन्त्री एवं "परिषद्" का अध्यक्षज्यूबाट नेपाल कृषि अनुसन्धान परिषद् तथा "परिषद्" का सदस्यहरुलाई निर्देशन दिई बैठक समापन गरियो ।